# राजश्व सुधार कार्ययोजना

# (Revenue Improvement Action Plan)

## आ.व. २०८१/०८२ - २०८३/०८४




**गण्डकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भुम्लिचोक, गोरखा**

# राजश्व सुधार कार्ययोजना
# (Revenue Improvement Action Plan)





गण्डकी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

भुम्लिचोक, गोरखा

# विषय सूचि


परिच्छेद एकः परिचय ....... १

१.१ पृष्ठभूमि ....... १

१.२ कार्ययोजनाको औचित्य ....... १

१.३ उद्देश्य ....... २

१.४ कार्ययोजना तर्जुमा प्रकृया ....... २

१.५ सिमा ....... ५

परिच्छेद दुईः गाउँपालिकाको संक्षिप्त परिचय ....... ६

२.१ गाउँपालिकाको भौगोलिक अवस्थिती ....... ६

२.२ भूउपयोगको स्थिति ....... ७

२.३ जातीय एवम् सांस्कृतिक अवस्था ....... ८

२.४ जनसाँख्यिक अवस्था ....... ८

२.५ सामाजिक आर्थिक अवस्था ....... ९

परिच्छेद तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता ....... १०

३.१ संवैधानिक तथा कानुनी व्यवस्था ....... १०

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ....... १३

३.३ आन्तरिक आय वृद्धिका सम्भावना तथा चुनौती ....... १५

३.४ राजश्व सङ्कलनका प्रमुख क्षेत्र र सम्भावना ....... १६

३.४.१ कर राजस्व ....... १६

३.४.२ गैरकर राजस्व ....... २०

परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ....... २५

४.१ राजस्व परिचालन सम्बन्धी संरचना तथा नीति ....... २५

४.२ बिगतको आय परिचालनको अवस्था ....... २६

४.३ आय सङ्कलनको संस्थागत व्यवस्था तथा क्षमता ....... २७

४.४ राजस्व परिचालनमा रहेका सवालहरु ....... २७

परिच्छेद पाँचः राजश्व प्रक्षेपण र सुधार कार्ययोजना ....... ३१

५.१ राजश्व सुधार कार्ययोजना ....... ३१

परिच्छेद छः त्रिवर्षीय राजश्व प्रक्षेपण ....... ४१

परिच्छेद सातः अपेक्षित नतिजा ........ ४५
परिच्छेद आठः कार्यान्वयन तथा अनुगमन एवम् मुल्याङ्कन ........ ४६
  ८.१ कार्यान्वयन ........ ४६
  ८.२ अनुगमन तथा मुल्याङ्कन ........ ४६
सन्दर्भ सामग्रीहरू ........ ४८
अनुसूची एकः आय प्रक्षेपण ........ ४९

# तालिका र चित्रहरूको सूचि

तालिका १ गाउँपालिकाको वडागत विभाजन ........ ७
तालिका २ गण्डकी गाउँपालिकाको भूउपयोग क्षेत्रको वर्गिकरण ........ ७
तालिका ३ गाउँपालिकाको जनसाँख्यिक स्थिती ........ ९
तालिका ४ कर राजश्वको सम्भावना ........ १४
तालिका ५ गैरकर राजश्वको सम्भावना ........ १४
तालिका ६ आन्तरिक आय वृद्धिका सम्भावना तथा चुनौतीहरू ........ १५
तालिका ७ सम्पत्ती करको दायरा र दर ........ १६
तालिका ८ कृषि क्षेत्रका करका दरहरू ........ १७
तालिका ९ आवशीय क्षेत्रका करका दरहरू ........ १७
तालिका १० व्यवसायिक क्षेत्रका करका दरहरू ........ १८
तालिका ११ राजश्व परामर्श समिति ........ २५
तालिका १२ विगत तीन आर्थिक वर्षको राजश्व सङ्कलनको अवस्था ........ २६
तालिका १३ कर राजश्व सुधार कार्ययोजना ........ ३४
तालिका १४ गैरकर राजश्व सुधार कार्ययोजना ........ ३७
तालिका १५ राजश्व प्रशासन सुधार कार्ययोजना ........ ३९
तालिका १६ आन्तरिक आयको अनुमान ........ ४१
तालिका १७ कूल आयमा आन्तरिक आयको हिस्सा ........ ४३
तालिका १८ विगत आवहरूको यथार्थ र आगामी आवहरूको अनुमान ........ ४४

चित्र १ नेपाल र गोरखा जिल्लाको नक्शामा गण्डकी गाउँपालिका ........ ६
चित्र २ आन्तरिक आय वृद्धिको अनुमान ........ ४४

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

गण्डकी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना अगामी तीन आर्थिक वर्ष २०८१/८२ देखि २०८३/८४ सम्मका लागि तर्जुमा गरिएको छ। आन्तरिक राजश्व अभिवृद्धिका लागि लागि यो कार्ययोजना तयार पार्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ ले निर्धारण गरेको ढाँचा, विधी, प्रकृयालाई पालना गरिएको छ। मुलत नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहका लागि व्यवस्था गरेको वित्तीय अधिकार क्षेत्रको आधारमा त्रिवर्षीय कार्ययोजना तयार पारिएको छ। कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको आर्थिक ऐन र वित्तीय नीति कार्यक्रमलाई आधार मानिएको छ। राजश्व सुधार कार्ययोजना तर्जुमा गर्दा संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशिल कर प्रणाली जस्ता पक्षहरूलाई आत्मसाथ गरिएको छ। त्यस्तै राजश्वका क्षेत्र तथा दायराहरूलाई फराकिलो पार्दै न्युन कर दररेटमा जोड दिइएको छ। राजश्व प्रशासनलाई प्रभावकारी पार्दै छिटो प्रतिफल अर्थात पूँजी अभिवृद्धि हुने क्षेत्रहरूमा राजश्व परिचालन गर्ने नीति समेत गाउँपालिकाले अपनाएको छ।

समग्र वित्तीय तथा राजश्व अवस्था सम्बन्धमा प्राप्त सूचना तथ्याङ्कहरूको वस्तुनिष्ट अध्ययन, विश्लेषणको आधारमा गाउँपालिकाको राजश्व क्षेत्रका लागि लक्ष्य, उद्देश्य, रणनीति एवम् कार्यक्रम सहित तयार गरिएको त्रिवर्षीय राजश्व सुधार कार्ययोजना (२०८१/८२ - २०८३/८४) गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि एक महत्वपूर्ण र मार्गदर्शक दस्तावेज हुनेछ।

## १.२ कार्ययोजनाको औचित्य

स्थानीय तहका पदाधिकारी/जनप्रतिनिधिहरूले चुनावमा मतदाता समक्ष गरिएका प्रतिवद्धता अनुसार नागरिकका वढ्दो आकाँक्षाहरूलाई सम्बोधन गर्नुपर्ने वाध्यता छ भने आर्थिक समृद्धि, गरीवी न्युनिकरण, पछ्यौटेपनको अन्त्य तथा स्थानीय साधन स्रोतहरूको समुचित प्रयोगको दवाव पनि छ। नागरिकको सबभन्दा नजिकको सरकार स्थानीय तहनै भएकाले नागरिकको विश्वास अनि भरोसा अन्य तहका सरकारहरूमा भन्दा स्थानीय तहमै बढी छ। तथापी अहिले उपलब्ध अति न्युन स्रोत साधनबाट जनचाहनाहरू सहजै पूरा गर्न सक्ने सामार्थ्य स्थानीय तहसंग छैन। यसका लागि दिगो र भरपर्दो आन्तरिक आय आवश्यक छ।

नेपालको राज्य संरचना तीनतहको (संघ, प्रदेश र स्थानीय) हुने व्यवस्था भए बमोजिम राज्यशक्तिको स्रोत पनि त्यसै अनुसार बाँडफाँड गरिएको छ। स्वायत्त रूपमा राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरू आँफैमा आर्थिक प्राविधिक लगायत सबै पक्षहरूमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको

संविधानले गरेको छ। आँफुलाई सुम्पिएका जिम्मेवारीहरू वहन गर्नका लागि स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो छ। संघ र प्रदेशबाट निकासा हुने अनुदानको आधारमा वार्षिक बजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन गर्दै आएका स्थानीय तहहरुले खर्चमा आधारित बजेट, स्रोतहरूको पहिचान र परिचालन गर्नुपर्ने भएको छ। यसै सिलसिलामा नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरू निर्धारण र त्यसको उपयोगको व्यवस्था गरिएको छ। सोहिमा आधारित भई स्थानीय तहले राजश्व परिचालन गर्नुपर्ने हुन्छ।

नेपालको संविधान र कानुनहरूले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोहि परिधीभित्र रहि दिगो रूपमा राजश्व सङ्कलन र परिचालनका क्षेत्रहरू पहिचान गर्नुपर्ने अभिभारा पनि स्थानीय तहकै छ। यस सन्दर्भमा राजश्व सङ्कलन र परिचालनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवाना आदिको व्यवस्था कानुनमा छ। यसका अलवा राजश्व अभिवृद्धि तथा पूँजि निर्माण हुन सक्ने क्षेत्रहरू पहिचान गर्दै लगानी गरी स्रोतहरूको सदुपयोग गरी राजश्व अभिवृद्धि गर्नुपर्ने हुन्छ।

## १.३ उद्देश्य

गण्डकी गाउँपालिकाको विद्यमान आन्तरिक आयको समीक्षा गर्दै राजश्व अभिवृद्धिका लागि दिगो र भरपर्दो स्रोतहरू पहिचान, विश्लेषण र राजश्व प्रशासनलाई प्रभावकारी बनाउन वित्तीय नीति तथा कार्यक्रम तर्जुमा गर्नु यस कार्ययोजनाको मुख्य उद्देश्य रहेको छ। राजश्व सुधार कार्ययोजनाका अन्य उद्देश्यहरू निम्न छनः

(क) गाउँपालिकाको विद्यमान राजश्व नीति, कार्यक्रम, आर्थिक ऐन, करका दररेटहरू, राजश्व सङ्कलनको अवस्था, संगठनात्मक संरचना, आय स्रोतहरूको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समिक्षा र विश्लेषण गर्नु।

(ख) आन्तरिक स्रोतहरूको उपलब्धता र परिचालनको अवस्था विश्लेषण गरी राजश्व सुधार कार्ययोजना सहित आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण गर्ने।

(ग) आन्तरिक स्रोत अभिवृद्धिका लागि गाउँपालिकाको वित्तीय रणनीति एवम् कार्यक्रमहरू तर्जुमा गर्ने।

## १.४ कार्ययोजना तर्जुमा प्रकृया

निम्नानुसारका विधि र प्रकृयाहरू अवलम्वन गरी यो कार्ययोजना तर्जुमाका लागि गरिएको होः

**(क) पहिलो चरणः सन्दर्भ सामग्रीहरूको अध्ययन**

राजश्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न कानुनी नीतिगत दस्तावेजहरूको अध्ययन गरिएको छ। खासगरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन

२०७४, गण्डकी गाउँपालिकाका विगत तीन आ.व. र चालु आ.व.का आर्थिक ऐन तथा बजेट वक्तव्यहरू, गाउँपालिकाको वस्तुगत विवरण, गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ आदि दस्तावेजहरू पुनरावलोकन गरिएको छ।

### (ख) दोस्रो चरणः प्रश्नावली तथा फाराम विकास

राजश्व सुधार कार्ययोजना तर्जुमाका लागि दोस्रो तहबाट सूचना तथा तथ्याङ्क सङ्कलनका लागि फाराम तथा प्रश्नावलीहरू विकास गरिएको थियो। फाराममा करदाता, सरोकारवाला एवम् गाउँपालिकाको राजश्वसंग सम्बन्धित विविध पक्षहरू समेटिएको छ। यसरि तयार पारिएको फारामको नमुना यसै प्रतिवेदनको अनुसूची हरूमा समावेश गरिएको छ।

### (ग) तेस्रो चरणः अभिमुखिकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

राजश्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा गाउँपालिकामा एकदिने अभिमुखिकरण तथा कार्यशाला गोष्ठि आयोजना गरिएको थियो। कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू गाउँपालिकाका पदाधिकारी एवम् सदस्यहरू, राजश्व परामर्श समितिका सदस्य लगायत शाखा प्रमुखहरू एवम् अन्य कर्मचारीहरूको सहभागितामा रहेको थियो। कार्यक्रममा राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी विधी, प्रकृया, गाउँपालिकाको राजश्वको दररेट, शुल्क, दस्तुरका वारेमा प्रस्तुती भएको थियो। त्यस्तैगरी स्थानीय तहको वित्तीय अधिकारहरू, गाउँपालिकाले अभ्यासमा ल्याएका राजश्वहरू एवम् राजश्व प्रशासन सम्बन्धी विषयमा पनि प्रस्तुतीकरण र छलफल भएको थियो।

### (घ) चौथो चरणः सूचना सङ्कलन तथा विश्लेषण

अध्ययनका लागि गाउँपालिकाको राजश्व शाखा लगायत सम्बन्धित शाखाहरू र सरोकारवालाहरूसंग समन्वय गरी राजश्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो। यसका साथसाथै गाउँपालिकाका प्रकाशनहरू जस्तैः वार्षिक वजेट तथा कार्यक्रम पूस्तिका, आर्थिक ऐन, राजश्व सम्बन्धी कानुनहरू, प्रगती विवरण लगायतका अध्ययन प्रतिवेदनहरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो। तथ्याङ्कहरू मुलत निम्न क्षेत्रमा केन्द्रित छन।

- राजश्व प्रशासनको वर्तमान अवस्था
- राजश्व परिचालनका लागि अवलम्वन गरिएका नीतिगत व्यवस्थाहरू
- विगत वर्षहरूमा सङ्कलन भएको राजश्व सम्बन्धी यथार्थ विवरणहरू
- राजश्व सङ्कलन हुनसक्ने सम्भावित नयाँ क्षेत्रहरू

### (ङ) पाचौं चरणः राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण

कार्ययोजना तर्जुमा कार्यशालाबाट प्राप्त मस्यौदालाई थप छलफल, सुझावका आधारमा परिष्कृत गर्दै आवश्यक परिमार्जन गरिएको छ। त्यसैगरी विगत वर्षहरूको यथार्थ आय विवरणका आधारमा आगामी ३ आ.व.का लागि बजेट प्रक्षेपण गरिएको छ। यसक्रममा राजश्व सम्भाव्यताका नयाँ क्षेत्रहरू समेत प्रक्षेपण गरिएको छ। प्रक्षेपण गर्दा मुलत अहिले प्राप्त भईरहेको राजश्व, त्यसको दायरा विस्तारको अवस्था, विगतमा भएको राजश्व वृद्धिदर, अनुमान एवम् विभिन्न पक्षहरूसंग भएको सम्झौतालाई आधार मानिएको छ।

### (च) छैटौं चरणः मस्यौदा कार्ययोजना तयारी

गाउँपालिकाको राजश्वको विद्यमान अवस्था, सम्भावनाहरूको विश्लेषण, राजश्व सुधारका क्षेत्रहरूको पहिचान गर्दै राजश्व अभिवृद्धिका क्रियाकलापहरू सहित कार्यान्वयनका लागि कार्ययोजना सहितको मस्यौदा कार्ययोजना लेखन कार्य भएको थियो। मस्यौदा कार्ययोजनामा प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई तथ्याङ्कीय विधिहरू एवम् सूत्रहरू प्रयोग गरी तयार पारिएको थियो। विश्लेषण भएका तथ्यहरूलाई तालिका, ग्राफ जस्ता विधिहरूबाट प्रस्तुत गर्दै राजश्व सुधार कार्ययोजनाको मस्यौदा गाउँपालिका समक्ष पेश गरिएको थियो।

### (छ) कार्ययोजना स्विकृती

मस्यौदा प्रतिवेदन वारे गाउँपालिका एवम् सरोकारवाला सम्बन्धित सबै पक्षहरूको सुझावहरू सङ्कलन, मस्यौदा कार्ययोजनामा छुटेका पक्षहरू थप्दै तथ्याङ्कीय कमि कमजोरिहरू सच्याउँदै कार्ययोजनालाई आवश्यक परिमार्जन गरी राजश्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज तयार पारिएको हो।

यस गण्डकी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना विभिन्न ८ वटा परिच्छेदहरूमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा परिचय रहेको छ। यस परिच्छेदमा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा अवलम्वन गरिएको विधी, प्रकृया, उद्देश्य एवम् राजश्व सुधार कार्ययोजनाको आवश्यकता र सिमाका वारेमा उल्लेख गरिएको छ। परिच्छेद दुईमा गाउँपालिकाको वस्तुस्थिती, खासगरी भौगोलिक अवस्थिती, सामाजिक आर्थिक अवस्था, भूउपयोगको स्थिती, जातीय एवम् साँस्कृतिक अवस्था, जनसाँख्यिक अवस्था, र मानवीय संसाधनका वारेमा उल्लेख भएको छ। त्यसैगरी परिच्छेद तीनमा स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यताको व्यवस्था वारे चर्चा गरिएको छ। परिच्छेद चारमा आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलनको अवस्था वारे उल्लेख भएको छ। परिच्छेद पाँचमा राजश्व सुधार कार्ययोजना समावेश छ। परिच्छेद छ मा तीन वर्षको आय प्रक्षेपण उल्लेख गरिएको छ। परिच्छेद सातमा अपेक्षित नतिजा र परिच्छेद आठमा कार्यान्वयत तथा अनुगमन र मूल्याङ्कनका वारेमा उल्लेख गरिएको छ। उपरोक्त पक्षहरूका साथसाथै अनुसूचिहरूमा खासगरी सूचना सङ्कलन गर्दा प्रयोग गरिएका फारामहरू समावेश गरिएको छ।

## १.५ सिमा

विषयगत रूपमा राजश्व सुधारको क्षेत्र फराकिलो छ। तथापि साधन र स्रोतको सिमितता अनि विगतमा राजश्व सुधारको सम्भाव्यता सम्बन्धी कुनै अध्ययनहरू नभएकोले विगत तीन आर्थिक वर्षहरूमा यस गाउँपालिकाले सङ्कलन गरेको आन्तरिक आय तथा सम्भावनाका आधारमा यो कार्ययोजना तयार पारिएको छ। यसप्रकार यो अध्ययन अर्थात कार्ययोजना तर्जुमाका सिमाहरू यसप्रकार छनः

(क) कार्ययोजना मुलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा विगत तीन आर्थिक वर्षको आन्तरिक आय एवम् सो सँग सम्बन्धित तथ्य/सूचनाहरूको आधारमा तयार पारिएको छ।

(ख) तथ्याङ्कहरू कार्यालयको अभिलेख तथा आन्तरिक आय तथा स्रोतहरूको पहिचानका लागि तयार पारिएको तथ्याङ्क सङ्कलन फारामको सहायतामा सङ्कलन गरिएको हो।

(ग) गाउँपालिकाको विगतका आर्थिक वर्षहरूमा भएको यथार्थ आय विवरण, आय वृद्धि, कर तथा गैरकर राजश्व वृद्धिदर, अनुमानका आधारमा राजश्व प्रक्षेपण गरिएको छ।

(घ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजश्व अधिकारको आधारमा राजश्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ।


# परिच्छेद दुईः गाउँपालिकाको संक्षिप्त परिचय

गाउँपालिकाको भौगोलिक अवस्थिती, भूउपयोगको अवस्था, जनसँख्या तथा अन्य सामाजिक आर्थिक विवरणले राजश्व अथवा आन्तरिक आयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकाले उक्त विषयहरूलाई यस परिच्छेदमा चर्चा गरिएको छ।

## २.१ गाउँपालिकाको भौगोलिक अवस्थिती

गण्डकी गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको दक्षिण पूर्वमा अवस्थित रहेको छ। यो गाउँपालिका जिल्ला सदरमुकाम देखि करिव ४० कि.मि.को दुरीमा अवस्थित छ। मुलुक संघीयतामा जाने घोषणा पश्चात स्थानीय तहको संख्या र सिमा निर्धारण प्रक्रियामा गोरखा जिल्लामा रहेका साविकका ६ वटा गाउँविकास समितिहरू (मकैसिङ, ताङलीचोक, फुजेल, दर्वुङ, भुम्लिचोक, र घ्याल्चोक) समायोजन भएर वि.स. २०७३ सालमा गण्डकी गाउँपालिका स्थापना भई कृयाशिल भएको हो। कूल क्षेत्रफल १२३.८६ वर्ग कि.मि. रहेको यस गाउँपालिकालाई विभिन्न ८ वटा वडा मा विभक्त गरिएको छ। गोरखा जिल्ला निर्वाचन क्षेत्र न. एक र प्रदेश सभा निर्वाचन क्षेत्र 'ख' मा पर्ने यस गाउँपालिकाको पूर्वमा धादिङ जिल्ला, पश्चिममा गोरखा जिल्लाकै शहिद लखन गाउँपालिका र चितवन, उत्तरमा गोरखा जिल्लाकै शहिद लखन गाउँपालिका पर्दछ। भौगोलिक अवस्थीतिका हिसावले मध्यपहाडी क्षेत्र देखि हिमाली क्षेत्रसम्म फैलिएको

*चित्र १ नेपाल र गोरखा जिल्लाको नक्शामा गण्डकी गाउँपालिका*




यस गाउँपालिका जैविक विविधता, प्राकृतिक स्रोत तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ।

गण्डकी र वागमती प्रदेशको सिमा नदिको रूपमा रहेका महत्वपूर्ण दुई नदिहरू बुढी गण्डकी र त्रिशुली मध्ये गण्डकीको नामसंग मिल्नेगरी यस गाउँपालिकाको नामाकरण गरिएको देखिन्छ। नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित यस गाउँपालिकाको वडागत विवरण देहायअनुसार छ।

*तालिका १ गाउँपालिकाको वडागत विभाजन*

| वडा नम्वर | साविकका गाविस र वडा | क्षेत्रफल वर्ग कि.मि. | केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | मकैसिङ (१-९) | १०.२ | मकैसिङ |
| २ | ताङलीचोक (१-९) | १८.८ | ताङलीचोक |
| ३ | फुजेल (४-८) | ६.७ | फुजेल |
| ४ | फुजेल (१-३ र ९) | ७.० | फुजेल |
| ५ | दर्वुङ (१-९) | २१.६ | दर्वुङ |
| ६ | भुम्लीचोक (१-९) | २७.६ | भुम्लीचोक |
| ७ | घ्याल्चोक (१, ५-९) | १७.५ | घ्यालचोक |
| ८ | घ्याल्चोक (२-४, ८ र ९) | १४.६ | घ्यालचोक |
| | **जम्मा** | **१२३.८६** | |

## २.२ भूउपयोगको स्थिति

प्राकृतिक स्रोतका हिसावले गण्डकी गाउँपालिकामा वुढिगण्डकी र त्रिशुली नदिका साथै स्थानीय पाङखोला, बोक्सेरह, फर्कण्डेरह, मकैसीङ पोखरी, वन तथा जैविक विविधता क्षेत्र, भैरवी टार नदि तटीय फाँट तथा टार, कृषि जमिन जस्ता प्राकृतिक स्रोत साधन रहेका छन। भूउपयोग क्षेत्र वर्गिकरण अनुसार यस गाउँपालिकामा निम्नानुसारको जमिन रहेको छः

*तालिका २ गण्डकी गाउँपालिकाको भूउपयोग क्षेत्रको वर्गिकरण*

| क्रस | भूपउपयोग क्षेत्रको किसिम | प्रतिशत |
|---|---|---|
| १ | कृषिक्षेत्र | १३.४३ |
| २ | आवासीय क्षेत्र | १९.४४ |
| ३ | व्यवसायिक क्षेत्र | २.८९ |
| ४ | औद्योगिक क्षेत्र | ०.४२ |
| ५ | बनक्षेत्र | ५२.८८ |
| ६ | खानी तथा खनिज क्षेत्र | - |
| ७ | नदि, खोला, ताल तथा सिमसार क्षेत्र | १०.५९ |
| ८ | सार्वजनिक उपयोगको क्षेत्र | ०.३४ |
| ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | ०.०१ |
| | **जम्मा** | **१००** |

स्रोतः भूउपयोग क्षेत्र वर्गीकरणको नतिजा

माथिको तालिका अनुसार गण्डकी गाउँपालिकाको जमिनलाई विभिन्न आठ वर्गमा विभाजन गरिएको छ। यहाँ अहिले सम्म खानी तथा खनिज क्षेत्र नभएको देखिन्छ। उल्लेखित भूउपयोग क्षेत्र वर्गिकरणको नतिजा अनुसार गण्डकी गाउँपालिकामा बनक्षेत्रले ओगटेको क्षेत्र सबैभन्दा धेरै अर्थात करिब ५३ प्रतिशत रहेको छ। दोस्रोमा आवाशीय क्षेत्रले १९.४४ प्रतिशत र तेस्रोमा कृषि क्षेत्रले १३.४३ प्रतिशत क्षेत्रफल ओगटेको देखिन्छ। आवाशीय क्षेत्र वढि हुनुले भूमिकर र घरजग्गा रजिष्ट्रेसन वापत वाँडफाँड भई प्राप्त हुन आउने रोयल्टिको आकार पनि स्वभावत वढि हुन्छ।

## २.३ जातीय एवम् सांस्कृतिक अवस्था

यस गाउँपालिकामा मिश्रित जातीय उपस्थिति रहेको छ। यहाँ व्राम्हण, क्षेत्री, मगर, नेवार, चेपाङ, गुरूङ, दलित, तामाङ लगायत १० थरि समुदायका मानिसहरूको वसोवास रहेको छ। त्यस्तैगरी धार्मिक रूपमा हिन्दु र वौद्ध धर्मावलम्बीहरूको वाहुल्यता रहेको छ केहि मात्रामा ईसाइ धर्म मन्नेहरू पनि यहाँ रहेका छन। यस गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरूमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, विजया दशमी, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि हिन्दु सम्प्रदायका प्रमुख रहेका छन भने तामाङ समुदाय र बौद्ध धर्माबलम्वीले ल्होसार, वुद्ध जयन्ती र क्रिश्चियनहरूले क्रिसमस मनाउने गरेका छन। विभिन्न धर्माबलम्वीहरूले आ-आफ्नो चाडपर्वका समयमा गर्ने विभिन्न कृयाकलापहरूले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन। भेषभुषामा पुरूषहरूले मुख्य रूपमा दौरा सुरूवाल, पाईण्ट, कमिज, टोपी, कोट र महिलाले गुन्यु, चोलो, लुङ्गि, र पटुकी लगाउने गर्दछन।

गाउँपालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलहरूमध्ये भैरवीस्थान, थानी मन्दिर, पहराकुना, गण्डकी र त्रिशुली रिभरसाईड, खरिखानी, ईमानजली मित्र मण्डली, सिद्धदर्श, चमेरी गुफा, भैरवी टार र त्रिशुली नदिमा र्याफ्टिङ लगायतलाई आयआर्जनका हिसावले उपयोग गर्न सकिने सम्भावना रहेको छ। गण्डकी गाउँपलिकाका विभिन्न स्थानहरूमा वार्षिक करिव ८ हजार भन्दा वढि आगन्तुकहरू अवलोकनका लागि आउने गरेको अनुमान गरिएको छ। गाउँपालिकाका प्रमुख चार वटा पर्यटकीय स्थलहरू जस्तैः भैरवी, महादेवडाँडा, मुन्थला, कामधेनुको गुरूयोजना तर्जुमा भई पर्यटन विकास र प्रवर्द्धनका कार्यहरू सुरूवात गरिएका छन। यहाँका पर्यटकीय, धार्मिक, र साँस्कृतिक महत्वका स्थलहरूमा पार्क तथा मनोरञ्जन स्थल, र्याफ्टिङ तथा अन्य खेलकुदस्थल विकासको सम्भावना रहेको छ।

## २.४ जनसाँख्यिक अवस्था

राष्ट्रिय जनगणना २०६८ को तुलनमा २०७८ मा जनसँख्या वृद्धिदर ऋणात्मक रहेको यस गाउँपालिकाको जनसँख्या २१,३९४ (महिला ११,१०५ र पुरूष १०,२८९) रहेको छ। पछिल्लो जनगणना अनुसार जम्मा घरधुरी ५६५९ रहेका छन भने साक्षरता दर ७२.१ प्रतिशत रहेको छ। वि.स. २०६८ को जनगणनामा यस गाउँपालिकाको जनसँख्या २३,२६२ रहेको थियो। वडा अनुसारको जनसँख्यामा सबैभन्दा धेरै जनसँख्या वडा न. ६ मा ३५७३ रहेको छ भने सबभन्दा कम जनसँख्या वडा न. ३ मा १६१५ रहेको छ। उमेर अनुसारको जनसँख्यामा सबैभन्दा धेरै २०-२४ वर्ष उमेर समुहमा १८७२ जना रहेका छन। सँख्याका

हिसावले मगर, चेपाङ र ब्राम्हण क्षेत्रीको सँख्या क्रमशः १८.९ प्रतिशत, १६.९ प्रतिशत, १५.६ प्रतिशत रहेको छ भने त्यसपछि गुरूङ १२.३ र नेवार १२.२ प्रतिशत रहेको छ। यसप्रकार यस गाउँपालिकामा पहाडी आदिवासी जनजातीको संख्या उच्च रहेको छ।

*तालिका ३ गाउँपालिकाको जनसाँख्यिक स्थिती*

| वडा न | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ११५५ | ११६४ | **२३१९** |
| २ | १४८८ | १६३८ | **३१२६** |
| ३ | ७४४ | ८७१ | **१६१५** |
| ४ | ९०९ | १०८५ | **१९९४** |
| ५ | १२५८ | १४१७ | **२६७५** |
| ६ | १७४८ | १८२५ | **३५७३** |
| ७ | १४१० | १३९३ | **२८०३** |
| ८ | १५७७ | १७१२ | **३२८९** |
| **जम्मा** | **१०,२८९** | **११,१०५** | २१,३९४ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.५ सामाजिक आर्थिक अवस्था

गाउँपालिका क्षेत्रको आर्थिक रूपले सक्रिय १५ देखि ५९ वर्ष उमेर समुहको जनसँख्या ५२ प्रतिशत रहेको छ। पेशागत हिसावले कृषि तथा पशुपालन व्यवसायमा संलग्नकै सँख्या उल्लेख्य अर्थात ७९.९ प्रतिशत नागरिक कृषिमा निर्भर छन (राष्ट्रिय जनगणना २०७८)। अन्य पेशामा आवद्ध हुनेको सँख्या भने अतिकम रहेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय द्वारा गरिएको राष्ट्रिय आर्थिक सर्भेक्षण प्रतिवेदन २०७६ अनुसार यस गाउँपालिकामा कुल ८४९ उद्योग व्यवसाय रहेको र यसबाट करिव २५९६ जनाले प्रत्यक्ष रोजगारी पाएको देखिन्छ। यस गाउँपालिकमा वाणिज्य बैंक, २ लघुवित्त बैंक र ११ वटा सहकारी संस्थाहरू रहेका छन। यसगाउँपालिकामा सामुदायिक र संस्थागत गरी ४४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन। त्यस्तैगरी एक आयुर्वेद सेवाकेन्द्र २ वटा, वर्थिङ सेन्टर  स्वाश्थ्य चौकी र उपचौकी समेत १८ वटा स्वास्थ्य संस्थाहरू रहेका छन। गाउँपालिकाका सबै अर्थात ८ वटै वडाकार्यालयहरू आफ्नै स्वामित्वमा रहेका भवनहरूबाट सञ्चालन भईरहेका छन।

# परिच्छेद तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ। यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी प्राव्धानहरु यसप्रकार छनः

**(क) नेपालको संविधान**

नेपालको संविधानको अनुसूची- ८ (स्थानीय तहको अधिकार सूची) को प्राव्धान अनुसार स्थानीय तहलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी आदि राजस्व अधिकार प्रदान गरेको छ। त्यसैगरी संविधानमा व्यवस्था गरिएको स्थानीय तहको राजस्व अधिकार सम्बन्धी प्राव्धानहरू देहाय अनुसार छनः

**धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने**

(१) कानुन बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन ।

(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्नेछ ।

**(ख) कानुनी व्यवस्था**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिकाको एकल अधिकारः**

**(अ) कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थानीय सरकार सञ्चालन ऐन)
- **भूमिकर (मालपोत)**: सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा

- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा
- **व्यवसाय करः** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- **सवारी साधन करः** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)
- **जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीड, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत (स्थानीय सरकार सञ्चालन ऐन)

**(आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थानीय सरकार सञ्चालन ऐन)
- पार्किङ शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत। (स्थानीय सरकार सञ्चालन ऐन)

**(इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्यारागलाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा (स्थानीय सरकार सञ्चालन ऐन)
- आँफुले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) (स्थानीय सरकार सञ्चालन ऐन)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मुल्याङ्कन सेवा शुल्क (स्थानीय सरकार सञ्चालन ऐन)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थानीय सरकार सञ्चालन ऐन)।

**(ई) विक्री गर्न सक्ने**

- आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मुल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु (स्थानीय सरकार सञ्चालन ऐन)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि (स्थानीय सरकार सञ्चालन ऐन)

### (उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने (स्थानीय सरकार सञ्चालन ऐन)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने (स्थानीय सरकार सञ्चालन ऐन)

### (ऊ) प्रचलित कानुन बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमती, नवीकरण आदिको शुल्क तथा दस्तुर

दर्ता, अनुमती तथा नवीकरण दस्तुर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को 'घ' को ७)

- स्थानीय सहकारी संस्था
- १०० वाट सम्मको एफएम रेडियो
- 'घ' वर्गको ठेक्का इजाजत
- सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
- प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम
- मातृ भाषामा शिक्षा दिने विद्यालय
- ट्युसन, कोचिङ्ग
- औषधि पसल
- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
- ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- स्थानीय स्तरका व्यापारिक फर्म
- स्थानीय तहका पत्र पत्रिका
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
- स्थानीय स्तरका संघ संस्था
- इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन
- लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)

### (ख) प्रदेश तथा संघीय कानुन अनुसार प्राप्त हुने

- नक्सा पास दस्तुर (स्थानीय सरकार सञ्चालन ऐन को दफा ३३ को ४)
- दण्ड जरिवाना (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा सङ्कलनका अन्य आधारहरू निर्धारण गरी सङ्कलन गर्नु पर्दछ। त्यसैगरी कर तथा शुल्क सङ्कलनको लागि स्थानीय तहहरूले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन्।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थानीय सरकार सञ्चालन ऐन)
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने (स्थानीय सरकार सञ्चालन ऐन)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)
- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

आर्थिक वर्ष २०७८/७९ को आय विवरण अनुसार गाउँपालिकाले रु १ करोड ४३ लाख भन्दा वढी राजश्व सङ्कलन गर्न सफल भएको थियो। त्यसगरी त्यस भन्दा अघिको आर्थिक वर्ष (२०७७/७८) मा झन धेरै अर्थात रु १ करोड ६२ लाख राजश्व सङ्कलन भएको थियो। यसरी अघिल्लो आ.व.को तुलनामा आ.व. २०७८/७९ मा रू १९ लाखले राजश्व सङ्कलनमा कमि आएको थियो। तर गत आर्थिक वर्ष (२०७९/८०) मा भने गाउँपालिकाको आन्तरिक आय धेरैनै कमि भई जम्मा रू ८१ लाख ७७ हजार सङ्कलन भएको थियो।

(क) कर राजश्व अन्तर्गत आन्तरिक आय परिचालनको सम्भावना वारे तलको तालिकामा उल्लेख गरिएको छः

*तालिका ४ कर राजश्वको सम्भावना*

| क्रस | आय शिर्षक | भएको वा नभएको | | |
|---|---|---|---|---|
| | | **सम्भावना** | **दर निर्धारण** | **राजश्व सङ्कलन** |
| १ | भूमि कर | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर | नभएको | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |
| ६ | मनोरञ्जन कर | नभएको | नभएको | नभएको |
| ७ | विज्ञापन कर | भएको | नभएको | नभएको |

स्रोतः गण्डकी गाउँपालिकाका अभिलेखहरू

(ख) गैरकर राजश्व अन्तर्गत गण्डकी गाउँपालिकामा घरनक्शा पास दस्तुर, प्रमाणित तथा सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर आदिको दर निर्धारण गर्नुका साथै सङ्कलन पनि भईरहेको छ। यसका अलावा खानेपानी सेवा, पर्यटन, सार्वजनिक शौचालय, एवम् तालतलैय जस्ता क्षेत्रहरूबाट सेवा शुल्क सङ्कलन गर्न सकिने सम्भावना रहेको छ। गैरकर राजश्व अन्तर्गत आन्तरिक आय परिचालनको सम्भावना वारे तलको तालिकामा उल्लेख गरिएको छः

***तालिका ५ गैरकर राजश्वको सम्भावना***

| क्रस | आय शिर्षक | भएको वा नभएको | | |
|---|---|---|---|---|
| | | **सम्भावना** | **दर निर्धारण** | **राजश्व सङ्कलन** |
| १ | सवारी पार्किङ शुल्क | नभएको | नभएको | नभएको |
| २ | खानेपानी महशुल | नभएको | नभएको | नभएको |
| ३ | विद्युत महशुल | नभएको | नभएको | नभएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| **५** | **पर्यटन सेवा शुल्क** | **भएको** | **नभएको** | **नभएको** |
| ६ | फोहरमैला व्यवस्थापन शुल्क | नभएको | नभएको | नभएको |
| ७ | ढुङ्गा गिट्टी, वालुवा आदी विक्रि | भएको | भएको | भएको |
| ८ | ढल निकास सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ९ | सार्वजनिक शौचालय सेवा शुल्क | नभएको | नभएको | नभएको |
| **१०** | **हाटवजार सेवा शुल्क** | **भएको** | **नभएको** | **नभएको** |
| ११ | पशु वधशाला सेवा शुल्क | नभएको | नभएको | नभएको |
| **१२** | **सार्वजनिक संरचना मर्मत सम्भार शुल्क** | **भएको** | **नभएको** | **नभएको** |
| १३ | सडक वत्ती सेवा शुल्क | नभएको | नभएको | नभएको |
| १४ | अतिथी गृह सेवा शुल्क | नभएको | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| १५ | अचल सम्पत्ती मुल्याङ्कन शुल्क | भएको | भएको | भएको |
| १६ | दर्ता तथा नविकरण शुल्क | भएको | भएको | भएको |
| १७ | नक्शापास दस्तुर | भएको | भएको | भएको |
| १८ | सिफारिस तथा वक्सौनी दस्तुर | भएको | भएको | भएको |
| १९ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २० | अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २१ | लिलाम विकृ | नभएको | नभएको | नभएको |
| २२ | भाडा तथा वहाल | भएको | नभएको | नभएको |
| २३ | सभागृह भाडा | नभएको | नभएको | नभएको |
| २४ | ताल पोखरी तथा जग्गा भाडा | नभएको | नभएको | नभएको |
| २५ | साँवा व्याज लाभाँस र वोनस | नभएको | नभएको | नभएको |

स्रोतः गण्डकी गाउँपालिकाका अभिलेखहरू

## ३.३ आन्तरिक आय वृद्धिका सम्भावना तथा चुनौती

आन्तरिक आय  अभिवृद्धि एवम् परिचालनका सन्दर्भमा गाण्डकी गाउँपालिकामा निम्न अनुसारका सम्भावना तथा चुनौतीहरू देखिन्छन:

*तालिका ६ आन्तरिक आय वृद्धिका सम्भावना तथा चुनौतीहरू*

| सवल पक्ष तथा सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| • राजश्व सङ्कलनका लागि प्रशासनिक संरचना तयार भएको<br>• राजश्व सङ्कलन वडा कार्यालयबाटै हुँदै आएको<br>• राजश्व अभिवृद्धिका लागि वार्षिक नीति तथा कार्यक्रममा व्यवस्था हुँदै आएको<br>• राजश्व अभिवृद्धि हुनसक्ने क्षेत्रहरूमा वार्षिक रूपमा वजेट विनियोजन हुने गरेको<br>• सम्पत्ती तथा व्यवसायकर जस्ता प्रमुख करहरू नियमित रूपमा उठ्ने गरेको<br>• पर्यटन शुल्क उठाउन सकिने प्रयास सम्भावना रहेको | • गैरकर राजश्व माथिको निर्भरता वढ्दै जानु<br>• सम्पत्तीकर र व्यवसायकर प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न कठिनाई<br>• राजश्वका नयाँ क्षेत्र तथा दायरा विस्तार हुन नसक्नु<br>• राजश्व सङ्कलनलाई अनलाईनमा आधारित बनाउन नसक्नु<br>• राजश्व वृद्धि हुन सक्ने पूँजिगत क्षेत्रमा लगानी बढाउन नसक्नु<br>• राजश्व शाखामा जनशक्ति तथा प्रविधिको कमि<br>• गाउँपालिकामा राजश्व अभिवृद्धि सम्बन्धी क्षमतामा कमि<br>• कर राजश्व एवम् गैरकार राजश्व परिचालनका लागि छाता ऐन निर्माण नहुनु। फलस्वरूप व्यवसाय कर, अटोरिक्सा, पार्किङ शुल्क, सम्पत्ती कर आदि जस्ता स्रोतका लागि कार्यविधि नबनेको<br>• कर भुक्तानिका लागि करदाताहरू गाउँपालिका कार्यालयमै आउनुपर्ने अवस्था |

## ३.४ राजश्व सङ्कलनका प्रमुख क्षेत्र र सम्भावना

गण्डकी गाउँपालिकाको राजश्वका प्रमुख क्षेत्रहरुको सम्भाव्यता निम्नानुसार तलका उपखण्डहरूमा चर्चा गरिएको छ।

### ३.४.१ कर राजस्व

**(क) सम्पत्ति कर**

**हालको अवस्थाः** गण्डकी गाउँपालिकाको आ.व. २०८०/८१ को आर्थिक ऐनको अनुसूची १ मा सम्पत्ती कर लगाई असुल उपर गरिनेछ भन्ने व्यहोरा उल्लेख छ। घरको मुल्याङ्कन अनुसूची २ बमोजिमs घरको बनोटको आधारमा ह्रासकट्टी कटाई अनुसूची ३ बमोजिम र जग्गाको मुल्याङ्कन अनुसूची ४ बमोजिम गरिनेछ भन्ने उल्लेख छ।

**सम्भाव्यताः** राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी गाउँपालिकामा हाल कुल ५,६५९ घरधुरी रहेका छन्। प्रचलित कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा तथा अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेकोमा ५६५९ घरपरिवारलाई सम्पत्ती करदाता संख्या कायम गर्न प्रस्ताव गरिएको छ। करको दायरा थप गरिएको र घरधुरी पनि वढेकाले सम्पत्तीकर बढ्ने देखिन्छ। सम्पत्ति करको दायरा देहाय अनुसार प्रस्ताव गरिएको छ :

*तालिका ७ सम्पत्ती करको दायरा र दर*

| क्र.सं. | घरजग्गाको मुल्य | दर प्रतिशत |
|---|---|---|
| १ | रु. ५ लाख भन्दा कम | ०.०१ |
| २ | रु. ५ लाख देखी २० लाखसम्म | ०.०१५ |
| ३ | रु. २० लाख देखि ५० लाखसम्म | ०.०२ |
| ४ | रु. ५० लाख देखी १ करोड सम्म | ०.०४ |
| ५ | रु. १ करोड देखी २ करोड सम्म | ०.०५ |
| ६ | रु. २ करोड देखी ३ करोड सम्म | ०.१ |
| ७ | रु. ३ करोड देखी ४ करोड सम्म | ०.३ |
| ८ | रु. ५ करोड देखी ६ करोड सम्म | ०.४५ |
| ९ | रु. ६ करोड देखी माथि जति भए पनि | ०.५ |

**सुधारका पक्ष एवम् आधारहरूः** सम्पत्ती कर कार्यान्वयनका लागि गण्डकी गाउँपालिकाले सम्बोधन गर्नुपर्ने विषय देहाय अनुसार रहेका छन्:

- आर्थिक ऐनमा संविधान र संघीय कानुनको व्यवस्था अनुसार सम्पत्ती कर र घरजग्गा करलाई संशोधन गरी एकिकृत सम्पत्ती करको व्यवस्था गर्ने र सो अनुसार अनुसूची समेत संशोधन गर्ने

- आर्थिक ऐनमा प्रगतिशिल करको रूपमा सम्पत्ती कर व्यवस्थापन कार्यविधिको व्यवस्था गर्ने।
- सम्पत्ती मूल्याङ्कनमा स्वघोषणा विधिबाट कर व्यवस्थापन बारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम सञ्चालन गर्ने।
- सम्पत्ती करको व्यवस्था बारे आम नागरिकहरूलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने।
- सफ्टवयर, उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालमा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने।

### (ख) मालपोत वा भूमि कर

**हालको अवस्थाः** गण्डकी गाउँपालिकाको आ.ब. २०८०/८१ को आर्थिक ऐनमा मालपोत वा भूमिकरको दर निर्धारण जग्गा वर्गिकरण अनुसार (कृषि, व्यवसायिक र आवाशीय क्षेत्र लगायत ९ वर्गमा) विभाजन गरिएको छ। गत आर्थिक वर्षको अन्त्य सम्ममा ३५१९ जनाले कूल रु ६ लाख ९२ हजार ९९६ सङ्कलन भएको थियो। आर्थिक ऐनको अनुसूची ५ मा सभाले निर्णय गरी मालपोत करका दरहरू उल्लेख गरेको छ। करका दरहरू यसप्रकार निर्धारण गरिएका छनः

*तालिका ८ कृषि क्षेत्रका करका दरहरू*

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत (कर रू) | पाखो (कर रू) |
|---|---|---|---|
| न्युनतम ५ रोपनी सम्म | एकमुष्ट | १०० | ५० |
| ६ देखि १० रोपनी सम्म | प्रतिरोपनी | ३० | १५ |
| ११ देखि २० रोपनी सम्म | प्रतिरोपनी | ३५ | २० |
| २१ रोपनी देखि माथि जति भए पनि | प्रतिरोपनी | ४० | २५ |

*तालिका ९ आवशीय क्षेत्रका करका दरहरू*

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत (कर रू) | पाखो (कर रू) |
|---|---|---|---|
| न्युनतम ५ रोपनी सम्म | एकमुष्ट | १५० | ७५ |
| ६ देखि १० रोपनी सम्म | प्रतिरोपनी | ४० | २० |
| ११ देखि २० रोपनी सम्म | प्रतिरोपनी | ५० | ३० |
| २१ रोपनी देखि माथि जति भए पनि | प्रतिरोपनी | ६० | ४० |

*तालिका १० व्यवसायिक क्षेत्रका करका दरहरू*

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत (कर रू) | पाखो (कर रू) |
|---|---|---|---|
| न्युनतम ५ रोपनी सम्म | एकमुष्ट | २०० | १०० |
| ६ देखि १० रोपनी सम्म | प्रतिरोपनी | ५० | ३० |
| ११ देखि २० रोपनी सम्म | प्रतिरोपनी | ६० | ४० |
| २१ रोपनी देखि माथि जति भए पनि | प्रतिरोपनी | ७० | ५० |

**सम्भाव्यताः** भूउपयोग क्षेत्र वर्गिकरणको नतिजा अनुसार आवाशीय र व्यवसायिक क्षेत्रको भूमिकर चालु आ.व.को तुलनामा आगामी आ.व. देखि कम्तिमा पनि ५० प्रतिशतले बढाउन सकिन्छ। त्यस्तैगरि कृषि क्षेत्रमा तोकिएको दर ५० प्रतिशतले घटाउँदा पनि आन्तरिक आयमा धेरै कमी हुँदैन। अर्कातिर कृषियोग्य जमिन संरक्षणमा योगदान पुग्नुका साथै कृषकलाई पनि प्रोत्साहन पुग्दछ। कृषि क्षेत्रको तुलनामा आवाशीय क्षेत्र धेरै हुँदा आगामी आर्थिक वर्षदेखि भूमिकर तथा घरजग्गा रजिष्ट्रेशन वापतको बाँडफाँड भई प्रासहुने रकम पनि स्वत वढ्नेछ। त्यस्तैगरी अध्ययन गरी खानी तथा खनिज क्षेत्र पहिचान गर्ने हो भने यसले पनि गाउँपालिकाको आन्तरिक आयमा ठुलो योगदान गर्न सक्दछ।

**सुधारका पक्ष एवम् आधारहरूः** यस सम्बन्धमा सुधारका पक्षहरु देहायअनुसार छन् :

- आगामी आ.व.को आर्थिक ऐनमा सम्पत्ती कर नलगाएको जग्गामा मालपोत लगाउने र सो अनुसार मालपोत दर निर्धारण गर्ने।
- आवाशीय र व्यवसायिक क्षेत्रका मालपोतका दरहरू कम्तिमा १० प्रतिशतले बढाउने ।

**(ग) घरजग्गा बहाल कर**

**हालको अवस्थाः** गण्डकी गाउँपालिकाको आ.ब. २०८०/८१ को आर्थिक ऐनमा घरजग्गा वहाल लगाएमा वहाल रकमको १० प्रतिशत गाउँपालिकालाई तिर्नुपर्ने भन्ने व्यवस्था गरेको छ। विगत वर्षहरू देखि ऐन बमोजिम संस्थागत प्रयोजनको लागि भाडामा लगाइएका घरहरुबाट यो कर सङ्कलनको शुरुवात गरिएको छ। वहाल करबाट शुरूकै आर्थिक वर्षहरूमा पनि केहि रकम उठेको थियो। जस्तैः आ.व. २०७४/७५ मा रू ५० हजार र आ.व. २०७५/७६ मा रु. ३१ हजार सङ्कलन भएको थियो।

**सम्भावनाः** यस गाउँपालिका क्षेत्रमा अति थोरैमात्र घरहरु संस्थागत, व्यवसायिक र आवासीय प्रयोजनमा बहालमा रहेका छन्। करिब २०० वटा घरहरु मात्र बहालमा रहेका र मासिक औसत भाडा रु. १५०० (संस्थागतः मासिक रु. २०००, व्यवसायिकः मासिक रु. १५०० र आवासीय रु. १०००) र वहाल करको दर १० प्रतिशतले कायम गर्न प्रस्ताव गरिएको छ।

**सुधारका पक्ष एवम् आधारहरूः** घरजग्गा वहाल सुधारका पक्षहरु देहाय अनुसार रहेका छन् :

- घरजग्गा बहालमा लगाउने व्यक्तिको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने।
- घरजग्गा वहालकर वापतको आय बढाउन करमा छुट दिने र स्वयँ कर घोषणाको कार्यनीति अवलम्वन गर्ने।

### (घ) व्यवसाय कर

**हालको अवस्था:** गाउँपालिकाले आ.व. २०८०/८१ को आर्थिक ऐनमा व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा उल्लिखित दरमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ। आर्थिक ऐनमा विभिन्न ६३ वटा उद्योग, व्यापार तथा व्यवसायको दर्ता शुल्क र नविकरण दस्तुर तोकेको छ। सबैभन्दा बढी रिसोर्ट र 'घ' वर्गको निर्माण व्यवसायी दर्ताका लागि रू. १०,००० तोकेको छ। त्यस्तैगरी नविकरण दस्तुर दर्ता शुल्कको ५० प्रतिशत तोकेको छ।

**सम्भावना:** राष्ट्रिय तथ्याङ्क कार्यालयबाट गरिएको राष्ट्रिय आर्थिक सर्वेक्षण अनुसार यस गाउँपालिकामा ८४९ वटा उद्यम व्यवसाय सञ्चालन रहेको देखिन्छ। उक्त विवरणलाई आधार मान्दा व्यवसाय कर प्रति व्यवसाय औसत रु १५०० को दरले लगाउँदा पनि बार्षिक रु. १२,७३,५०० सङ्कलन हुने अनुमान गरिन्छ।

**सुधारका पक्ष एवम् हरू:** व्यवसाय कर सङ्कलनमा सुधारका लागि गाउँपालिकाले निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिकामा सञ्चालित व्यवसायहरूको वर्गीकरण गरी वर्गीकरण अनुसार करको दरलाई वस्तुपरक बनाई आर्थिक ऐन अद्यावधिक गर्दै जाने।
- सबै प्रकारका व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा सुरुमा न्यून दर कायम गर्ने
- एकै प्रकारको व्यवसायको हकमा व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, र ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने।
- व्यवसायिक करमा पुरस्कार र दण्डको व्यवस्था गर्ने।

### (ङ) जडिवुटी, कवाडी र जिवजन्तु कर

**हालको अवस्था:** गण्डकी गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीवुटी, वनकस, कबाडीमाल र प्रचलित कानुनले निषेध गरेका जिबजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत खालि सीसि, प्लाष्टिकका वोत्तल भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालिन, खालि वोरा, तेलका टिन, धातुका टुक्राहरू र पुन प्रयोगमा आउन सक्ने सामानहरू प्रति ट्रिपका दरले ठुलो ट्रकलाई रु १००, सानो ट्रिपरलाई रु ७५ र ट्र्याक्टरलाई रु ५०

कायम गरेको छ। त्यस्तै सल्लाको खोटो प्रति टिन रू २ र बाँस, निगालो, पात र जडिबुटी प्रति भारी रू ५ कायम हुने व्यवस्था गरेको छ।

**सम्भावना:** गण्डकी गाउँपालिका ग्रामीण क्षेत्र भएकाले कवाडीबाट ठुलो रकम उठ्ने सम्भावना छैन तथापी गाउँपालिकाको आधा भन्दा वढी क्षेत्र बनले ढाकेको हुँदा अवस्यपनि जडीवुटीमा धनि मानिन्छ। यसप्रकार जडीवुटीलाई व्यवसायिक रूप दिन सकिने सम्भावना पनि भएकाले यहाँका वनपाखाहरूको उपयोग गरी जडिवुटी करबाट धेरै कर उठाउन सकिने सम्भावना छ।

### (च) सवारी साधन कर

**हालको अवस्था:** गण्डकी गाउँपालिकामा नियमित चल्ने सवारी साधनमा सवारी साधन करको व्यवस्था आर्थिक ऐनले गरेको छ। जस अनुसार ट्रक, लरि लगायतका हेभि सवारी साधनलाई रू १०००, कार, जिप, मिनि तथा माईक्रो वसलाई रु १०००, जेसिभीलाई रु ७०००, २२० सीसि भन्दा कमको एक्साभेटरलाई रू १२०००, २२० सिसी भन्दा वढीको एक्साभेटरलाई रू १५००० र अटो रिक्साबाट रू १०० वार्षिक रूपमा उठाउने व्यवस्था छ।

**सम्भावना:** गाउँपालिकाभित्रका सडकहरू स्तरोन्नती हुँदै जाँदा गाउँपालिका भित्र आउजाउ गर्ने गाडिको सँख्या पनि वढ्ने सम्भावना छ। राष्ट्रिय लोकमार्गसँग जोडिएकोले गण्डकी गाउँपालिकामा उपरोक्त प्रकारका गाडिहरू भित्रिन त्रिशुली नदिमाथि फिस्लिङमा बनेको पुलले पनि उल्लेख्य सहयोग पुर्याउने देखिन्छ।

गण्डकी गाउँपालिकाले आ.व. २०८०/८१ को आर्थिक ऐनमा विज्ञापन कर तथा मनोरञ्जन करका वारेमा केहि पनि व्यवस्था नगरी प्रदेश कानुन अनुसार हुने कुरा उल्लेख गरेको छ। तथापी त्रिशुली किनारमा ठुला होडिङ वोर्डहरू मार्फत विज्ञापन कर उठाउन सकिने सम्भावना रहेको छ।

## ३.४.२ गैरकर राजस्व

### (क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य बस्तु बिक्री

**हालको अवस्था:** गण्डकी गाउँपालिकाले २०८०/८१ को आर्थिक ऐनमा ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको विक्री दर निर्धारण गरेको छ। उपभोक्ता समितिलाई र अन्य निर्माण व्यवसायिका लागि फरक फरक दर तोकेको छ। ऐन अनुसार माटो प्रति घन मिटर निर्माण व्यवसायिका लागि रु २०० र उपभोक्ता समितिका लागि रु १०० तोकेको छ। त्यस्तैगरी ढुङ्गा, गिट्टी, वालुवा निर्माण व्यवसायीका लागि रू ३०० र उपभोक्ता समितिका लागि रु १०० तोकेको छ। गाउँपालिकाले त्रिशुली नदी र बुढीगण्डकी नदी क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) गरी स्वीकृत गरेको छ। सो अनुसार चालु आ.व.को माघ मसान्त सम्ममा ८१ लाख ७७ हजार ६ यस ४१ रुपैया सङ्कलन भएको छ।

**सम्भावनाः** यस गाउँपालिकाको सीमामा त्रिशुली र बुढी गण्डकी नदी बगेको हुँदा कानुन अनुसार बालुवा उत्खनन गरी विक्री गर्न सक्ने सम्भावना धेरै छ।

**सुधारका पक्ष एवम् आधारहरू** : ढुङ्गा, बालुवा र गिट्टी बिक्री शीर्षकबाट आय वृद्दि गर्न देहाय अनुसारका कार्य गर्न उपयुक्त हुन्छ :

- कानुनी व्यवस्था अनुसार वातावरणीय अध्ययन परीक्षण प्रतिवेदनले तोके अनुसार करका दरहरू अद्यावधिक गर्ने।
- बजारको माग र आपूर्तीको अवस्था अनुसार आगामी आर्थिक बर्षको आर्थिक ऐनमा विक्रीको दर कम्तिमा २० प्रतिशत वृद्धि गर्ने।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् तथा बिक्रीका लागि ठेक्का आव्हान गर्ने।
- सङ्कलन एवम् विक्रि कार्यको नियमित अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खननको सुनिश्चित गर्ने।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका स्वयंले अमानतबाट सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक निर्णय गर्ने।
- प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का नलागुञ्जेल सम्मका लागि गाउँपालिका स्वयमले अमानत मार्फत् रकम सङ्कलन गर्ने।
- गाउँपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने प्रावधान समावेश गर्ने।

### (ख) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः** गण्डकी गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले निर्माण र रेखदेख गरी सञ्चालन गरेको भवन, हाटवजार, पसल मेलामा व्यक्ति वा संघ संस्थाले सार्वजनिक ऐलानी र प्रति जग्गामा बनाएको भवन, हाटवजार र पसलमा वहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ भन्ने व्यवस्था छ। यो कर निर्धारण गर्दा गाउँपालिकाले सम्पत्तीकरको मुल्याङ्कनलाई मुख्य आधार मान्ने कुरा पनि आर्थिक ऐनमा उल्लेख गरी यसको विस्तृत विवरण अनुसूची १२ मा उल्लेख गरेको छ। ऐलानी तथा सार्वजनिक स्थलको उपयोग गर्दा गाउँपालिका भित्रका सडकको दायाँवायाँ क्षेत्रको जग्गा उपयोग गरे वजार क्षेत्रमा प्रतिरोपनी रू २०० प्रति महिना र अन्य क्षेत्रमा न्युनतम रू १५० प्रतिमहिना कायम गरेको छ। त्यस्तैगरी विभिन्न किसमका पसल तथा व्यवसायहरू पटके रूपमा गर्नेलाई पनि सामान्य न्युनतम भएपनि उठाउने गरी ऐनमा व्यवस्था गरेको छ। यहि प्राव्धान अनुसार चालु आवको माघ मसान्त सम्म वहाल विटौरी शिर्षकमा रु ७२ हजार १ सय सङ्कलन भएको छ भने गत आ.व.मा रू ३ लाख १८ हजार ७७३ वहाल कर वापत सङ्कलन भएको थियो।

**सम्भावनाः** गाउँपालिकामा विगतमा फुजेलमा हाटबजार सञ्चालन भैरहेकोमा बहाल बिटौरी शुल्कका लागि अन्य **१० भन्दा वढि स्थानहरू** सम्भाव्य स्थलका रुपमा रहेका छन। हाटबजार लाग्ने बजार क्षेत्रमा २०० भन्दा वढि व्यक्तिहरु अहिले पनि सरकारी जग्गामा व्यवसाय सञ्चालन तथा बसोबास गरेको अनुमान गरिएको छ। प्रति महिना रू ५० का दरले मात्रै भएपनि उपरोक्त २०० व्यवसायीहरुबाट बहाल विटौरी शुल्क सङ्कलन गर्दा बार्षिक करिब १ लाख २० हजार सङ्कलनको सम्भावना छ।

**सुधारका पक्ष एवम् आधारहरूः** यस गाउँपालिकाको वहाल विटौरी शुल्क सङ्कलन र व्यवस्थापनमा सुधार ल्याउनको लागि देहाय अनुसार कार्य गर्नु पर्नेछ :

- गाउँपालिकाभित्र भएका सार्वजनिक जमिनको विवरण सङ्कलन गर्ने र ती स्थानमा पसल तथा व्यापार व्यवसाय गर्नेको सँख्या पनि अद्यावधिक गर्ने।
- वहाल विटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई समावेश गर्ने।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क तथा विवरण सङ्कलन गर्ने।
- सङ्कलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी वहाल विटौरी शुल्क तोक्ने।

### (ग) पार्किङ शुल्क

**हालको अवस्थाः** यस गाउँपालिका भित्र विगतमा सवारी साधन पार्किङ स्थल तोक्ने र शुल्क उठाउने प्राव्धान थिएन। चालु आर्थिक बर्षको आर्थिक ऐनमा गाउँपालिका भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत सवारी साधन पार्किङ शुल्क लगाई असुल उपर गरिनेछ भन्ने व्यवस्था गरेको छ। त्यस्तो शुल्क गाउँपालिकाले निर्धारण गरे बमोजिम हुने भनिएको छ तर आर्थिक ऐनमा शुल्क तोकिएको छैन। आर्थिक ऐनले पार्किङ व्यवसाय गर्न चाहाने व्यक्ति वा संस्थाले यस गाउँपालिकाबाट अनुमती लिनुपर्ने व्यवस्था गरेको छ।

**सम्भावनाः** गाउँपालिकाका ८ वटै वडाहरुमा सार्वजनिक यातायात साधन सञ्चालनमा रहेका छन्। सडकको विस्तार र स्तरोन्नतिसँगै सार्वजनिक सवारी साधनको आवागमन पनि बृद्धि हुँदै गएको छ। यसले पार्किङस्थलको आवश्यता देखाउँदछ। नियमित सवारी साधन आवागमन गर्ने भएकाले यस गाउँपालिकाको मुख्य वजार क्षेत्रहरूमा पार्किङ स्थलको व्यवस्था गर्दै न्युनतम मात्रै भए पनि विस्तारै पार्किङ शुल्क सङ्कलन गर्न सकिने सम्भावना छ।

### (घ) नक्सा पास र अभिलेखिकरण दस्तुर

**हालको अवस्थाः** चालु आर्थिक बर्षको आर्थिक ऐनमा विभिन्न किसिमका घरको नक्सापास दस्तुरका साथै मर्मत सम्भारको पनि दस्तुर दर निर्धारण गरेको छ। त्यस्तै घर नक्शा अभिलेखिकरण दस्तुर नक्शा पासको

५० प्रतिशत हुने प्राव्धान आर्थिक ऐनमा गरेको छ। नक्शापास दस्तुर वापत चालु आ.व.को माघ मसान्त सम्म रू ५ लाख ९५ हजार ५४४ सङ्कलन भएको छ।

**सम्भावनाः** संघीय कानुनी व्यवस्था अनुसार आर्थिक ऐनमा अद्यावधिक नयाँ निर्माण हुने सबै घरहरुको विद्यमान नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरुको हकमा अभिलेखीकरण गर्नु आवश्यक छ। चालु आ.व.को अन्त्य सम्ममा यस गाउँपालिकामा घरधुरीको सँख्या ६००० जती पुग्न सक्ने भएकाले अभिलेखिकरणको प्राव्धानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके यो शिर्षकमा गत वर्षहरूमा भन्दा थप ३० प्रतिशत दस्तुर सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

**सुधारका पक्ष एवम् आधारहरूः** घर तथा नक्शा अभिलेखीकरणले भवन निर्माण प्रक्रियालाई नियमन गर्ने भएकोले यसलाई प्रभावकारी वनाउन देहायअनुसारका पहल गर्न पर्ने देखिन्छ ।

- घर नक्शा अभिलेखीकरण कार्य सम्पत्ती कर तथा मालपोत सङ्कलनसँग आवद्ध गरी वार्षिक रुपमा सचेतना अभियान सञ्चालन गर्न उपयुक्त हुने।
- घरको बनौट, उचाई तथा किसिमको आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने।

### (ङ) सेवा शुल्क, सिफारिश तथा प्रमाणित दस्तुर

**हालको अवस्थाः** चालु आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐनमा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएको अनुसार शुल्क लगाइने र असुल उपर गर्ने व्यवस्था गरेको छ। आर्थिक ऐनमा पूर्वाधार उपयोग शुल्कको व्यवस्था गरी सिफारिश दस्तुरको दर उल्लेख गरिएको छ।

विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट सङ्कलन गरी आएको छ। आर्थिक ऐनले सेवाशुल्क दस्तुर विभिन्न शीर्षकमा दस्तुरको दर निर्धारण गरेको छ। **सिफारिश तथा प्रमाणित दस्तुर बापत आ.व. २०७९/८० मा कुल रू १८ लाख ५२ हजार ०९३ जम्मा भएको थियो।**

**सम्भावनाः** कार्यपालिका कार्यालय र वडा कार्यालयहरूबाट हुने विभिन्न सिफारिशलाई आधार मान्दा प्रति दिन २५ वटाको दरले वार्षिक ६,५०० विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। विद्यमान दर अनुसार प्रति सिफारिश औसत रू २०० दस्तुर कायम गरेमा दस्तुर बापत वार्षिक कुल **रू १३,००,००० सङ्कलन हुन सक्ने अनुमान गरिएको छ। यसैगरी अन्य सेवा शेवाशुल्क अन्तर्गत सम्पत्ती** मूल्याङ्कन सेवा शुल्क वापत बार्षिक एकमुष्ट रू ३ लाख सङ्कलनको अनुमान गरिएकोछ।

**सुधारका पक्ष एवम् आधारहरूः**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने।
- वडावाट सङ्कलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने।
- अनलाईन दस्तुर लिने व्यवस्था गर्दा अभिलेख दुरूस्त रहने र कुन दिन कति उठ्यो समेत अनुगमन गर्ने सकिने।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ। यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संरचना तथा नीति

गाउँपालिकाको राजस्व सम्बन्धी नीति तर्जुमा, अध्ययन, प्रक्षेपण र परिचालनका लागि उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ

*तालिका ११ राजश्व परामर्श समिति*

| क्र.सं. | पदाधिकारीको पद र विवरण | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | लिला अधिकारी (गापा उपाध्यक्ष) | संयोजक |
| २ | रिजेश उपरकोटी (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य |
| ३ | सुवास पन्त | सदस्य |
| ४ | कोकिल वहादर पुलामी मगर (पर्यटन तथा उद्योग कार्यालय) | सदस्य |
| ७ | सागर शर्मा | सदस्य सचिव |

राजस्व परामर्श समितिले कानुनी व्यवस्था तथा आवश्यकता अनुसार बैठक, अध्ययन, छलफल र परामर्श गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत शिफारिश कार्यपालिकामा पेश गर्ने गरेको छ। समितिले बार्षिक रुपमा राजस्व सम्बन्धी नीति, आर्थिक ऐन र अन्य कानुनी र प्रक्रियागत व्यवस्था तर्जुमा गर्ने गरेको छ। चालु आर्थिक बर्ष २०८०/८१ का लागि राजस्व सम्बन्धी नीति तथा कानुन र कार्यविधिहरु तर्जुमा गरेको छ। गाउँपालिकाको आ.व. २०८०/८१ को आर्थिक ऐनले आन्तरिक स्रोत परिचालनमा लिइएका नीति देहायअनुसार छनः

(क) करको दर समसामयिक बनाई करको दायरा विस्तार गरिनेछ।

(ख) कर लगाउँदा वातावरणीय तथा पर्यावरणीय संरक्षण तर्फ उचित ध्यान दिईनेछ।

(ग) सम्भाव्य करको क्षेत्र पहिचान गरी कर सङ्कलनका लागि आवश्यक भौतिक पूर्वाधारको विकासमा जोड दिईनेछ।

(घ) स्थानीय वासिन्दामा कर हाम्रै लागि हो भन्ने भावना जागृत गराई तदअनुरूप सबै क्षेत्रमा सेवा सुविधा हरू समान रूपमा उपलब्ध गराउने विशेष पहल गरिनेछ।

(ङ) आन्तरिक आय उठेको आधारमा रकम विनियोजन गरी जुन विषय क्षेत्रबाट रकम प्राप्त भएको छ सोहि क्षेत्रको विकासमा प्राथमिकता दिईनेछ।

(च) राजश्वको पहिचान र सम्भाव्यता अध्ययनका लागि स्थानीय राज्शव परामर्श समितिलाई वढि क्रियाशिल गराईनेछ।

(छ) राजश्व सङ्कलनका सन्दर्भमा आवश्यकता अनुसार स्थानीय प्रशासन, सुरक्षा निकाय तथा विषयगत कार्यालयहरू समेतको सहयोग लिईनेछ।

(ज) राजश्व सङ्कलनलाई मितव्ययी एवम् प्रगतीशिल बनाईनेछ।

## ४.२ बिगतको आय परिचालनको अवस्था

यस गाउँपालिकको कूल बजेटमा आन्तरिक आयको हिस्सा नगण्य रहेको छ। आन्तरिक आयतर्फ सिफारिश ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट विक्री, शिफारिश तथा प्रमाणित दस्तुर, मालपोत गाउँपालिकाको मुख्य आयस्रोतको रुपमा रहेका छन्। आन्तरिक आय तर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, व्यवसाय कर, मालपोत, शिफारिस दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन्। चालु आ.व. २०८०/८१ मा ढुङ्गा, गिट्टी, बालुवा र स्लेट विक्री बाट रू १ करोड सङ्कलन हुने अनुमान गरिएको छ। यस गाउँपालिकामा घरबहाल कर, जडीबुटी कवाडी जीवजन्तु कर तथा हाटबजार समेत सञ्चालनमा रहेको हुँदा बहाल विटौरी शुल्कको समेत सम्भावना रहेको देखिन्छ।

गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार विगत आ.व. २०७७/७८, २०७८/७९ र २०७९/८० मा सङ्कलन गरेको यथार्थ आय विवरण देहाय अनुसार छः

*तालिका १२ विगत तीन आर्थिक वर्षको राजश्व सङ्कलनको अवस्था*

| राजश्व सङ्केत | राजश्वको शिर्षक | विगत तीन आ.व.को यथार्थ आय रु | | | चालु आवको संशोधित |
|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | |
| ११९३१ | सम्पत्ती आय तथा पट्टा वापतको आय कर | १५३,००७ | १३४,८५६ | २३०,१३४ | ६३६,६८३ |
| ११३१४ | भूमि कर | १,२६०,६८६ | १,७७३,७५३ | ६८२,९९६ | १,७०९,१२५ |
| ११३१७ | घर वहाल कर | १४०,००९ | ११८,७७४ | ३१८,७७३ | ५०६८५३ |
| १४१५१ | सरकार सम्पत्तिको वहाल वापतको आय | - | - | - | ५९,१६० |
| १४२१३ | अन्य विकृबाट प्राप्त रकम | - | १३०,७२५ | १७९,१०१ | २,६४८,४४२ |
| १४२१९ | अन्य सेवा शुल्क | ४३६,७३५ | ७,३७८,०८२ | ८५२,६०९ | १३२,८५० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | - | - | - | २,८०० |
| १४२२४ | परीक्षा शुल्क | - | - | १२३,५०० | ६,४०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | - | - | ४९६,१४७ | ३४३,०३० |
| १४२४२ | नक्शापास दस्तुर | २०१,९१८ | २४८,४११ | २७३,४६० | ६५९,८९३ |
| १४२४३ | शिफारिस दस्तुर | १,४३३,६९३ | १,९०२,४६७ | १,८५२,०९३ | २,२४५,३४० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १६४,५०८ | ४६३,१०८ | ४७८,४३० | ३५६,७०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | - | - | - | १४१,८९० |
| १४२४९ | अन्य दस्तुर | - | १७६,५७६ | ३५७,११४ | १,६१३,५७० |
| १४२५३ | व्यवसाय रजिष्ट्रसन दस्तुर | - | - | - | ३५,५०० |
| १४२६५ | अन्य क्षेत्रको आय (चुन ढुँगा विक्रि) | - | ६७८,००३ | ११७,३०७ | - |

| | | | | | |
|---|---|---|---|---|---|
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,३०७,९०३ | ४११,८३० | १७४,३४९ | २४३,४५५ |
| १४५२९ | अन्य विविध आय | - | - | १३८,५०० | २९० |
| १४६११ | व्यवसाय कर | २१५,८१५ | १५७,१६१ | ३११,८९३ | ९९,००६ |
| **जम्मा** | | **७,३१४,२७४** | **१३,५७३,७४७** | **६,५८६,४०७** | **११,४४०,९८७** |

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा आन्तरिक आय निकै कम देखिन्छ। यसप्रकार गाउँपालिकाको आयको प्रमुख स्रोत संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने विभिन्न प्रकारका अनुदान रकमहरूनै रहेको देखिन्छ।

## ४.३ आय सङ्कलनको संस्थागत व्यवस्था तथा क्षमता

परामर्श, अवलोकन तथा उपलब्ध सूचना विवरणको आधारमा हाल गाउँपालिकाको राजस्व सम्बन्धी संस्थागत व्यवस्था र क्षमता देहाय अनुसार रहेको छः

- राजस्व सम्बन्धी कार्य पनि आर्थिक प्रशासन शाखा अन्तर्गत हुने गरेको।
- राजस्व प्रशासनमा सफ्टवेयरको जडान तथा प्रयोग भएको।
- राजस्व सङ्कलनमा कम्प्युटर विलिङ प्रयोग भइरहेको।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर सङ्कलन गर्ने गरिएको।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा आर्थिक सङ्केत अनुसार भएको।
- आर्थिक ऐन र यथार्थ सङ्कलन बीचको तालमेल कम रहेको।
- आर्थिक ऐनको अलवा राजस्व परिचालन सम्बन्धी छुट्टै नीति र कानुन नरहेको।
- राजस्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरणमा कमी रहेको।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मुल्याङ्कनको कमी रहेको।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसार क्षमता विकास गर्न आवश्यक महसुस भएको छ। आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई सम्वोधन गर्न देहाय अनुसारको कार्य गर्न आवश्यक ठानिएको छ।

### (क) संगठनात्मक संरचना निर्माण

गाउँपालिकाको राजस्व अधिकार तथा परिचालन आवश्यकताको आधारमा भौतिक सुविधा, कार्यविधि, क्षमता अभिवृद्धि, सूचना तथा अभिलेख प्रणालीमा समय सापेक्ष थप सुधार आवश्यक छ। त्यसका अतिरिक्त वडा

कार्यालयहरुबाट समेत तोकिएका शिर्षकहरूमा आय सङ्कलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक छ। यसो हुँदा उठ्नु पर्ने कर तथा शुल्क समयमै उठ्छ।

### (ख) आर्थिक ऐनमा सुधार

गाउँपालिकाले प्रत्येक आर्थिक बर्षमा आर्थिक ऐन तर्जुमा गरी गाउँसभाबाट स्वीकृत गरेको छ र उक्त ऐनमा संविधान तथा प्रचलित ऐन नियमसँग बाझिएका व्यवस्था र कमी देखिएका व्यवस्थाहरुमा सुधार गर्नु पर्ने देखिन्छ जस्तैः सम्पत्ती कर र भूमि करको विषय। आर्थिक ऐनमा मनोरञ्जन कर, निकासी कर र पशुपंक्षी उपचार शुल्कको व्यवस्था गरिएको छ। जुन संविधानको भावना तथा प्रचलित संघीय कानुनी व्यवस्था विपरित छ। साथै ऐनमा एकीकृत सम्पत्ती कर उल्लेख गरिएको छ तर अलग्गै घरकर पनि सङ्कलन गरिएको छ। व्यवसाय करमा शिफारिश दस्तुर समेत समावेश गरिएको छ। यस्ता विषयहरु नियमित गर्नु पर्ने देखिन्छ।

### (ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ। यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय समावेश गर्नु पर्नेछ। यस गाउँपालिकामा हालसम्म यससम्बन्धी नीति तथा कार्यविधि तयार हुन सकेको छैन।

### (घ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

हालको कानुनी व्यवस्था अनुसार गाउँपालिकाले राजस्व सङ्कलनका शीर्षक अनुसार दर निर्धारण गरी प्रचार प्रसार गर्न आवश्यक देखिन्छ। पछिल्ला वर्षहरूमा करका दरहरू निर्धारण भएका छन तर करदातालाई तिर्नुपर्ने कर रकम, छुट र दण्डसम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम अझै प्रभावकारी बनाउन आवश्यक छ।

### (ङ) सूचना प्रणालीमा आधारित अभिलेख र निर्णय प्रकृया

गाउँपालिकाले अधिकतम रूपमा आन्तरिक आय सङ्कलन र परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ। गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित नीजि सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख सूचना प्रणालीमा आधारित बनाई सोहि अनुरूप अद्यावधिक गर्न आवश्यक छ। अद्यावधिक अभिलेखको अभावमा राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण तथा असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन।

### (च) समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, कर, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ। यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई बढाउनु पर्दछ। आय सङ्कलनमा बडा कार्यालयको भूमिकालाई व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर समन्वय र सहकार्य हुन जरुरी छ। त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न समन्वय संयन्त्र, नियमित संवाद र अन्य आवश्यक पहल आवश्यक छ।

### (छ) सामाजिक आर्थिक अवस्था

यस गाउँपालिकामा चेपाङ लगायतका पिछडिएका वर्गका नागरिकहरूको संख्या उल्लेख्य भएकोले यहाँ बसोबास गर्ने नागरिकहरुको आर्थिक क्षमता कमजोर रहेको र आयआर्जनका अवसरहरू पनि कम छन। कृषि उत्पादन निर्वाहमुखी छ र उद्योग तथा व्यवसायको शुरुवाती अवस्थामा छन्। यसप्रकार यहाँका वासिन्दाहरूको आर्थिक क्षमता कमजोर हुँदा गाउँपालिकाको राजस्व सम्भाव्यता पनि कमजोर भएको छ। यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञानको कमी रहेको हुँदा स्थानीय करको दर तथा सङ्कलन व्यवस्थापनको कार्य पेचिलो रहेको छ।

### (ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकामा आन्तरिक आयको सङ्कलन अवस्थाको अनुगमन गरी नियमन र हुन सक्ने चुहावट र अनियमितता नियन्त्रण गर्न आवश्यक कार्यहरु गर्नु पर्ने देखिन्छ। गाउँपालिकाले कर, शुल्क र दस्तुरका दर बारे जानकारी प्रदान गर्नु, आयव्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर सम्वाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे करदाता नागरिक एवम् सो सँग सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउनु उपयुक्त हुन्छ।

# परिच्छेद पाँचः राजश्व प्रक्षेपण र सुधार कार्ययोजना

## ५.१ राजश्व सुधार कार्ययोजना

**(क) कर राजश्व**

कर राजश्व अन्तर्गत सम्पत्ती कर, भूमि कर, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडिवुटी, कवाडी तथा जीवजन्तु कर रहेका छन। उपरोक्त करहरूको सुधारका लागि गण्डकी गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, र कार्यक्रम तथा कार्ययोजना तय गरेको छ।

**उद्देश्य**

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका क्षेत्रहरू पहिचन, दायरा विस्तार र नागरिकहरूलाई कर सञ्जालमा आवद्ध गरी कर सङ्कलनमा प्रभावकारिता ल्याई सङ्कलित रकमलाई पूँजी वृद्धिका क्षेत्रमा लगानी गर्दै कर राजश्वलाई गाउँपालिकाको दिगो, भरपर्दो र मुख्य आय स्रोतका रूपमा स्थापित गर्नु यस कार्ययोजनाको उद्देश्य हो।

**रणनीति र कार्यनीतिहरू**

गण्डकी गाउँपालिकाको आगामी तीन आर्थिक वर्षहरू आ.व. २०८१/८२ देखि २०८३/८४ को कर राजश्व सुधार रणनीति र कार्यनीतिहरू यसप्रकार रहेका छनः

**रणनीति एकः कर राजश्व परिचालनका लागि ऐन, नियम, कार्यविधी तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।**

(१.१) सिकाई र थप अध्ययनका आधारमा हरेक आर्थिक वर्षमा गाउँपालिकाको आर्थिक ऐनलाई थप व्यवहारिक र समय सापेक्ष बनाईनेछ।

(१.२) भूमि कर, सम्पत्ती कर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर सञ्चालनका लागि अलग अलग कार्यविधी तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

(१.३) गाउँपालिका भित्र नियमित रूपमा सञ्चालन हुने उद्योग, व्यापार तथा व्यवसायको अनिवार्य दर्ता र ईजाजत लिनुपर्ने पक्षलाई मापदण्ड बनाई कार्यान्वयनमा ल्याईनेछ।

(१.४) ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो, सङ्कलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्बन्धी कार्यविधी निर्माण गरिनेछ।

**रणनीति दुईः कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने।**

(२.१) कर शिक्षा सचेतना कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ।

(२.२) आर्थिक वर्षको सुरूमा एकमुष्ट कर भुक्तानी गर्नेलाई करमा छुट दिईनेछ।

(२.३) करदाताहरूको स्तर निर्धारण गरी ठुला करदाताहरूलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ।

(२.४) ठुला करदाताहरूलाई गाउँपालिकाको सिफारिस एवम् प्रमाणीकरण दस्तुर एक निश्चित अवधीका लागि छुट दिईनेछ।

(२.५) कर नतिर्ने, कर तिर्न ढिलाई गर्ने करदातालाई दण्ड सजाँय गरिनेछ।

(२.६) वडा तथा समुदाय स्तरमा कर शिक्षा जनचेतना प्रचार सामग्रीहरू वितरण गरिनेछ।

**रणनीति तीनः राजश्व सम्बन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने।**

(३.१) करदाता पहिचानका लागि घरधुरी सर्भेक्षणको माध्यमबाट तथ्याङ्क सङ्कलन र प्रशोधन गरिनेछ।

(३.२) भूमिकर, सम्पत्ती कर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवम् जिवजन्तु करका करदाताहरूको अभिलेख विस्तृत रूपमा अलग अलग रूपमा तयार पार्ने र नियमित रूपमा अद्यावधिक गर्दै लगिनेछ।

(३.३) House Numbering को माध्यमबाट करदाताहरूलाई करदाता परिचयपत्र वितरण गरिनेछ।

(३.४) गाउँपालिका भित्र सञ्चालनमा रहेका र अव हुने उद्योग, व्यापार, व्यवसाय, घरजग्गा वहाल विवरण सङ्कलन गरी लगत अद्यावधिक गरिनेछ।

(३.५) गाउँपालिका भित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने र सो को अभिलेख राखिनेछ।

(३.६) राजश्व सम्बन्धी सूचनाहरू सुरक्षित र सहज तरिकाले उपलब्ध हुन सक्ने बनाउन कम्प्युटर प्रणाली अर्थात आईसिटीको प्रयोग गरिनेछ। यसको निर्वाध सञ्चालनका लागि ईन्टरनेट सुविधा पनि निरन्तर उपलब्ध हुने सुनिश्चितता गरिनेछ।

**रणनीति चारः कर सङ्कलन प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउने।**

(४.१) कार्यपालिका र वडा कार्यालय बीच कम्प्युटर सञ्जाल निर्माण गरी वडा कार्यालयबाट कर सङ्कलन सेवा सुविधा प्रदान गरिनेछ।

(४.२) राजश्व सङ्कलनमा वैकिङ प्रणाली अवलम्बन गरिनेछ।

(४.३) कर विवरण पेश लगायत राजश्व सम्बन्धी कार्यका लागि अनलाईन सुविधा प्रदान गरिनेछ।

(४.४) सङ्कलित राजश्व विवरण कार्यपालिकाको वेभसाईट मार्पत सार्वजनीकरण गरिनेछ।

**रणनीति पाँचः करका दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समय सापेक्ष बनाउने।**

(५.१) राजश्व सङ्कलनमा प्रगतीशिल करदर प्रणाली लागु गरिनेछ।

(५.२) करका नयाँ क्षेत्रहरू पहिचान गर्ने र करका दरलाई यथाशक्य न्युन गर्दै दायरा फराकिलो पारिनेछ।

(५.३) भूउपयोग योजना तर्जुमा र सडकको लगत कट्टा गरी भूमिकरका दरहरू सोहि अनुसार समायोजन गरिनेछ।

(५.४) जग्गा तथा घरको भौगोलिक अवस्थिती, संरचनाको किसिमका आधारमा सम्पत्तीकर निर्धारण गरिनेछ।

(५.५) व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र र कारोवारका आधारमा वर्गिकरण गरी सोका आधारमा करका दर निर्धारण गरिनेछ।

(५.६) जडीवुटी कवाडी तथा जीवजन्तुको हाड सिङ आदिको उपलब्धता, व्यवसायिक उपयोगिता, मूल्यश्रृङ्खला चक्र र वजार मुल्यका आधारमा करका दर निर्धारण गरिनेछ।

(५.७) करको दर निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघसंस्था तथा करदाताको राय सुझाव प्रतिकृयाका आधारमा तय गरिनेछ।

**रणनीति छः सङ्कलित राजश्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने।**

(६.१) आय वृद्धि हुने थपक्षेत्रहरू पहिचान गरी सङ्कलित राजश्वलाई तिनै आयवृद्धिका क्षेत्रमा लगानी गरिनेछ।

(६.२) नीजि क्षेत्रसँगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, कृषिजन्य वस्तु सङ्कलन केन्द्र, गोदाम घर, आवश्यक पर्यटकीय पूर्वाधार निर्माण, एवम् सार्वजनिक शौचालय निर्माण जस्ता क्षेत्रमा लगानी गरिनेछ।

(६.३) वडा कार्यालयहरू वहुउपयोगी हुने गरि निर्माण गरी अत्यावस्यक सेवाहरू उपलब्ध गरिनेछ।

(६.४) कृषि र बनमा आधारित उद्यम विकास एवम् व्यवसायिकता विकास गर्ने सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी उद्योग व्यवसायहरूको स्थापनामा सहयोग गरिनेछ।

*तालिका १३ कर राजश्व सुधार कार्ययोजना*

| क्र.स. | गर्नुपर्ने कार्यहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| **(क)** | **सम्पत्ती कर** | | |
| १ | सम्पत्ती (जग्गा र भौतिक संरचना) को मुल्याङ्कन परिमार्जन गर्ने | २०८१ मंसिर मसान्त सम्म | राजश्व परामर्श समिति र गाउँसभा |
| २ | सम्पत्ती कर व्यवस्थापन कार्यवीधी निर्माण/परिमार्जन गर्ने | २०८१ मंसिर मसान्त सम्म | गाउँकार्यपालिका |
| ३ | सम्पत्ती कर सङ्कलनका लागि सबै वडामा आवश्यक भौतिक सुविधा विस्तार गर्ने | २०८१ श्रावण देखि नियमित रूपमा | कार्यपालिका र वडा कार्यालयहरू |
| ४ | सम्पत्ती (जग्गा र भौतिक संरचना) को स्वयँ घोषणा अभियान सञ्चालन गरी सम्पत्तिमा आधारित करदाताहरूको विवरण अद्यावधिक गर्ने। | २०८१ श्रावण देखि नियमित रूपमा | राजश्व शाखा र वडा कार्यालयहरू |
| **(ख)** | **घर जग्गा वहाल कर** | | |
| १ | गाउँपालिका भित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले वहालमा रहेका घरजग्गाको अभिलेख तयार गर्ने | २०८१ असोज मसान्त सम्म | राजश्व शाखा र वडा कार्यालयहरू |
| २ | घरजग्गा वहालकरको दर प्रगतीशिल करको सिद्वान्तका आधारमा निर्धारण गर्ने | २०८१ असोज मसान्त सम्म | राजश्व परामर्श समिति र गाउँसभा |
| ३ | वहाल करको सङ्कलनलाई सहज बनाउन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने | २०८१ असोज मसान्त सम्म | गाउँपालिका |
| ४ | घर टहरा वहालमा लगाउने घरधनीहरूलाई जानकारी गराई सम्पूर्ण करको दायरामा ल्याउने। | २०८१ श्रावण देखि नियमित रूपमा | राजश्व शाखा |
| **(ग)** | **व्यवसाय कर** | | |
| १ | गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नका लागि अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्थाका लागि सबै व्यवसायीलाई सुचित गर्ने | २०८१ श्रावण देखि नियमित | राजश्व परामर्श समिति र राजश्व शखा |
| २ | व्यवसायको वार्षिक कर सँगै दर्ता शुल्क निर्धारण गर्ने। व्यवसाय कर असुलीमा छुट तथा दण्ड जरिवानाको व्यवस्था गर्ने। | २०८१ श्रावण देखि नियमित | राजश्व परामर्श समिति र गाउँसभा |
| ३ | दर्ता भएका एवम् सुचिकृत व्यवसायहरूको लगत अद्यावधिक गर्ने तथा दर्ता प्रकृयामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने | २०८१ श्रावण देखि नियमित | राजश्वशाखा र वडा कार्यालयहरू |
| **(घ)** | **जडीवुटी, कवाडी, जीवजन्तु कर** | | |
| १ | जडीवुटी, कवाडी र जीवजन्तु कर सङ्कलन हुने स्थान र परिमाण जानकारीका लागि तथ्याङ्क सङ्कलन गर्ने | २०८१ मंसिर मसान्त सम्म | राजश्व शाखा र वडा कार्यालयहरू |
| २ | जडीवुटी, जीवजन्तु तथा कवाडी कर कार्यविधी तर्जुमा/ अद्यावधिक गर्ने | २०८१ मंसिर कार्तिक सम्म | राजश्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत |
| **(ङ)** | **विज्ञापन कर** | | |

| | | | |
|---|---|---|---|
| १ | न्युनतम सङ्कलन हुन सक्ने रकम आङ्कलन गरी ठेक्का अङ्क निर्धारण गर्ने | २०८१ भाद्र मसान्त सम्म | राजश्व शाखा र वडा कार्यालयहरू |
| २ | प्रदेश कानुन बमोजिम विज्ञापन कर कार्यविधी तर्जुमा गर्ने | २०८१ कार्तिक मसान्त सम्म | राजश्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत |
| **(च)** | **सवारी साधन कर** | | |
| १ | गाउँपालिका क्षेत्रमा सञ्चालन भएका सवारी साधनहरूको अभिलेख अद्यावधिक गर्ने | २०८१ भाद्र मसान्त सम्म | राजश्व शाखा र वडा कार्यालयहरू |
| २ | प्रदेश कानुन बमोजिम सवारी साधन कर कार्यविधी तर्जुमा गर्ने | २०८१ कार्तिक मसान्त सम्म | राजश्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत |

## (ख) गैरकर राजश्व

गैरकर राजश्व अन्तर्गत गाउँपालिकाबाट गरिने सिफारिस, प्रमाणीकरण र संस्थाहरूको दर्ता, ईजाजत, अनुमती, नविकरण, अचल सम्पत्तिको मुल्याङ्कन जस्ता सेवा सुविधाहरू उपलब्ध गराए वापतको शुल्क, दस्तुर एवम् प्राकृतिक स्रोतको विकृहरू रहेका छन। उपरोक्त गैरकरहरूको सुधारका लागि गाउँपालिकाले देहाय बमोजिम उद्देश्य, रणनिति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ।

### उद्देश्य

स्थानीय तहको अधिकार क्षेत्र भित्रका गैरकर राजश्वका आधार क्षेत्रहरू पहिचान वा विस्तार गरी नागरिकहरूलाई प्रभावकारी, र गुणस्तरीय सेवा सुविधाहरू न्युनतम शुल्क तथा दस्तुरमा उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु यसको उद्देश्य रहेको छ।

### रणनीति र कार्यनीतिहरू

गैरकर राजश्व सङ्कलनका रणनीति र कार्यनीतिहरू यसप्रकार छनः

### रणनीति एकः गैरकर राजश्व परिचालनका लागि ऐन, नियम, कार्यविधी तर्जुमा गर्ने।

(१.१) प्राकृतिक स्रोतहरू ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, आदिको उपयोग सम्बन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

(१.२) स्थानीय व्यवसायिक तथा गैर सरकारी एवम् सामुदायिक संघसंस्थाहरूको दर्ता, नबीकरण, अनुमती, ईजाजत सम्बन्धी कार्यविधी तयार पारी कार्यान्वयनमा ल्याईनेछ।

(१.३) सरकारी एवम् ऐलानी जग्गा उपयोग सम्बन्धी कार्यविधी तर्जुमा गर्नुका साथै एकिकृत भूउपयोग योजना तर्जुमा गरिनेछ।

(१.४) स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी कार्यान्वयनमा ल्याईनेछ।

(१.५) गाउँपालिका भवन निर्माण मापदण्ड (सँहिता) र नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

**रणनीति दुईः गैरकर राजश्वका आधार क्षेत्रहरू पहिचान एवम् विस्तार गर्ने।**

(२.१) राजश्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरिनेछ।

(२.२) गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक स्रोतहरू ढुङ्गा, गिट्टी, वालुवा सङ्कलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्ने। सोका आधारमा ठेक्का प्रकृयाद्वारा ढुङ्गा, गिट्टी, तथा वालुवा सङ्कलन एवम् विक्रि गर्दै नियमित रूपमा सो कार्यको अनुगमन गरिनेछ।

(२.३) स्थानीय व्यवसायिक, गैरसरकारी एवम् सामुदायिक संघसंस्थाहरू सञ्चालन गर्नुअघि अनिवार्य रूपमा अनुमती तथा ईजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याईनेछ।

(२.४) स्थानीय पर्यटकीय क्षेत्रहरू पहिचान, अत्यावस्यक पूर्वाधार एवम् सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवम् वाह्य पर्यटकहरूको प्रवेशमा न्युनतम शुल्क निर्धारण गरिनेछ।

(२.५) शहरीकरण संगसंगै निजीक्षेत्र संगको सहकार्यमा फोहरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्बन गरिनेछ।

**रणनीति तीनः सेवा शुल्क, दस्तुर एवम् महसुललाई समय सापेक्ष** परिमार्जन गरी **नागरिकमैत्रि बनाउने।**

(३.१) सेवा सुविधाहरूको शुल्क र दस्तुर निर्धारण गरिनेछ।

(३.२) स्थानीय व्यवसायी, गैरसरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नविकरण, अनुमती, एवम् ईजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ।

(३.३) भौगोलिक अवस्थिती र आर्थिक सामाजिक रूपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा, शुल्क तथा दस्तुरहरूमा छुटको व्यवस्था गरिनेछ।

(३.४) एकै प्रकृतिका कार्य नियमित रूपमा सेवा लिनुपर्ने करदाताहरूको पहिचान गरी आवश्यक नियम बनाई सेवा शुल्क तथा दस्तुरहरूमा छुटको व्यवस्था गरिनेछ।

*तालिका १४ गैरकर राजश्व सुधार कार्ययोजना*

| क्र.स. | गर्नुपर्ने कार्यहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| **(क)** | **प्राकृतिक स्रोत उपयोग** | | |
| १ | प्राकृतिक स्रोत उपयोग (ढुङ्गा, गिट्टी वालुवा एवम् माटोजन्य पदार्थ) विक्रिको व्यवस्था गर्ने | २०८१ कार्तिक मसान्त सम्म | राजश्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत |
| २ | सम्भाव्य स्थलहरूको आईई गर्ने र सो अनुसारको परिमाण एकिन गर्ने | २०८१ श्रावण मसान्त सम्म | प्राविधिक शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| ३ | सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्ड भित्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने | २०८१ श्रावण देखि नियमित रूपमा | राजश्व परामर्श समिति र कार्यपालिका |
| **(ख)** | **नक्शापास दस्तुर** | | |
| १ | पुराना र नयाँ घरको अभिलेखिकरण अद्यावधिकरण तथा नयाँ घरको नक्शा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतना जगाउने। नक्शापास नगरी घर निर्माण गर्दा हुन सक्ने क्षति तथा अन्य जोखिम र सुविधाबाट वञ्चित हुन सकिने अवस्थाका वारेमा सुसुचित गर्ने। | २०८१ श्रावण देखि नियमित रूपमा | प्राविधिक शाखा, वडा कार्यालयहरू |
| २ | नक्शापासको मापदण्ड तथा कार्यविधीहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | २०८१ श्रावण देखि नियमित रूपमा | राजश्व शाखा र वडा कार्यालयहरू |
| ३ | घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने। | २०८१ श्रावण देखि नियमित रूपमा | गाउँ सभा |
| **(ग)** | **वहाल विटौरी शुल्क** | | |
| १ | वहाल विटौरी शुल्क कार्यविधी तर्जुमा गर्ने | २०८१ कार्तिक सम्म | राजश्व परामर्श समिति र राजश्व शखा |
| २ | सरकारी, पर्ति र ऐलानी जग्गाको पहिचान गरी सो को उपयोग गर्नेको अभिलेख अद्यावधिक गर्ने | २०८१ मंसिर मसान्त सम्म | राजश्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत |
| **(घ)** | **सेवा शुल्क, दस्तुर तथा विविध आय** | | |
| १ | व्यवसाय दर्ता तथा अनुमतीका लागि छुट्टै कार्यविधी तर्जुमा गर्ने | २०८१ श्रावण मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २ | सिफारिश वा प्रमाणित प्रमाणपत्र चलानी गर्नुपूर्व दस्तुर सङ्कलन भएको एकिन गर्ने। वडाबाट सङ्कलित दस्तुरहरूको शिर्षक सहितको विवरण तयार गर्ने। | २०८१ श्रावण देखि | वडा सचिव |

| | | | |
|---|---|---|---|
| ३ | विभिन्न किसिमका शुल्क तथा दस्तुरहरु वर्गिकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने | २०८१ श्रावण मसान्त सम्म | राजश्व परामर्श समिति |
| **(ङ)** | **दीर्घकालीन आयस्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| १ | गाउँपालिकालाई दिर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्नेः<br>• हाटवजार सञ्चालन<br>• उद्यमशिलता विकास<br>• औद्योगिक ग्राम<br>• खानी तथा खनिज क्षेत्र<br>• ल्याण्डफिल साईट आदि | २०८१ असोज मसान्त सम्म | कार्यपालिका |
| २ | गाउँपालिका क्षेत्र भित्र पर्यटकीय पूर्वाधार विकास सहित होमस्टे, रिसोर्टलाई व्यवस्थित गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने | २०८१ श्रावण देखि | राजश्व शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| ३ | व्यापारिक कम्प्लेक्स, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, फोहर सङ्कलन केन्द्र, सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी मोडलमा निर्माण, सञ्चालन, तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता विधी पद्दती मार्फत राजश्व सुधार कार्यक्रम सञ्चालन गर्ने। | २०८१ श्रावण देखि | राजश्व शाखा, प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिका |

## (ग) राजश्व प्रशासन सुधार कार्ययोजना

यस कार्ययोजना अन्तर्गत गाउँपालिकाको राजश्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास एवम् राजश्व प्रशासनमा प्रविधिको उपयोग पक्षहरू पर्दछन। उपरोक्त कार्यका लागि गाउँपालिकाले देहाय बमोजिम उद्देश्य, रणनीति, कार्यनीति एवम् कार्ययोजना तर्जुमा गरेको छ।

### उद्देश्य

गाउँपालिकाको राजश्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शी एवम् प्रविधीयुक्त बनाउनु।

### रणनीति एवम् कार्यनीतिहरू

**रणनीति एकः गाउँपालिकाको राजश्व सम्बन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने।**

(१.१) राजश्व बढाउन तथा यसको उचित परिचालनका लागि मध्यमकालिन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

(१.२) मध्यमकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याईनेछ।

**रणनीति दुईः राजश्व प्रशासनलाई छरितो, प्रभावकारी र पारदर्शी बनाउने।**

(२.१) प्रमुख प्रशासकीय अधिकृतलाई सोझै रिपोर्टिङ गर्ने गरी राजश्व शाखा स्थापना गरिनेछ र शाखामा आवश्यकता अनुसार कर्मचारी र प्रविधिको व्यवस्था गरिनेछ।

(२.२) राजश्व सङ्कलनमा वडाको भूमिकालाई प्रभावकारी बनाईनेछ।

(२.३) स्थानीय सरकार सञ्चालन ऐनऽ २०७४ मा भएको व्यवस्था अनुसार राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाईनेछ।

(२.४) जनप्रतिनीधि र कर्मचारीलाई राजश्व प्रशासन सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

(२.५) सम्भावित करदाताहरूलाई कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

(२.६) गाउँपालिकाको आयव्यय विवरण आवधिक रूपमा अद्यावधिक गरी वेभसाईट मार्फत सार्वजनिक गरिनेछ।

(२.७) कर सङ्कलनका लागि एकद्वार प्रणाली अपनाईने छ।

**रणनीति तीनः राजश्व प्रशासनलाई प्रविधीयुक्त बनाउने।**

(३.१) वडा कार्यालय सहित कार्यपालिका कार्यालयमा तिव्र गतिको ईण्टरनेट सुविधा अविच्छन्न रूपमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ।

(३.२) कार्यपालिका र वडा कार्यालयहरू बीच कम्प्युटर सञ्जालको माध्यमबाट राजश्व सङ्कलनलाई व्यवस्थित गरिनेछ।

(३.३) वित्तीय संस्थाहरूसंगको सहकार्यमा वैकिङ प्रकृया मार्फत राजश्व सङ्कलन गर्ने र कम्प्युटराईज विजक जारी गरिनेछ।

(३.४) क्रमशः मोवाईल एप्सको प्रयोग गरी करदाताहरूलाई राजश्व सम्बन्धी जानकारी दिईनेछ।

*तालिका १५ राजश्व प्रशासन सुधार कार्ययोजना*

| क्र.स. | गर्नुपर्ने कार्यहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| **(क)** | **साँगठनिक स्वरूप तथा संस्थागत क्षमता विकास** | | |
| १ | राजश्व सम्बन्धी सम्पूर्ण दस्तावेज एवम् सूचनाहरूलाई सूचना प्रणालीमा व्यवस्थित गर्ने | नियमित | राजश्व शाखा |

| | | | |
|---|---|---|---|
| २ | राजश्व शाखामा आवश्यकता अनुसार कर्मचारी र कम्प्युटर लगायतका उपकरणहरू उपलब्ध गराउने | २०८१ असोज मसान्त सम्म | कार्यपालिका |
| ३ | वडाध्यक्ष र राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने | २०८१ मंसिर सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | राजश्व असुली सम्बन्धी अद्यावधिक सफ्टवेयरहरू प्रयोग गर्दै जाने | नियमित रूपमा | कार्यपालिका |
| ५ | वडा सचिवहरूको हरेक वैठकमा राजश्व असुली सम्बन्धी विषय छलफल गर्ने | नियमित रूपमा | प्रमुख प्रशासकीय अधिकृत |
| **(ख)** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १ | आर्थिक ऐन सामयिक रूपमा परिमार्जन गर्ने | नियमित रूपमा हरेक आ.व.मा | कार्यपालिका |
| २ | राजश्व नीति बनाउँदा सामाथ्र्यमा आधारित तथा करदातामैत्रि बनाउने | २०८१ श्रावण | राजश्व परामर्श समिति |
| **(ग)** | **समन्वय, अनुगमन र समिक्षा** | | |
| १ | राजश्वसँग सम्बन्धित सरोकारवालाहरूसंग नियमित अन्तर्क्रियाहरू गरिरहने | अर्धवार्षिक रूपमा | राजश्व शाखा |
| २ | स्थानीय राजश्व परामर्श समितिका वैठकहरु नियमित रूपमा बसी राजश्व सङ्कलन प्रगतीको समिक्षा र सुधारका कदम चाल्ने | त्रैमासिक | राजश्व शाखा |
| **(घ)** | **राजश्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | |
| १ | कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू क्रमश कार्यान्वयन गर्ने। कृयाकलापहरू कार्यान्वयनको सुनिस्चितताका लागि बजेटको व्यवस्था गर्ने। | २०८१ श्रावण देखि नियमित रूपमा | राजश्व शाखा प्रमुख प्रशासकीय अधिकृत |
| २ | आवधिक रूपमा अनुगमन तथा मुल्याङ्कन गर्ने | २०८१ श्रावण देखि नियमित रूपमा | राजश्व शाखा प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद छः त्रिवर्षीय राजश्व प्रक्षेपण

भविश्यमा आयका दायरा तथा दर वढ्न गई सो बाट हुन सक्ने योगदानलाई मध्यनजर गर्नुका साथै विगतको आय सङ्कलनको वृद्धिदर आधार मानी परिच्छेद तीनमा विश्लेषण गरिएको कर तथा गैरकर वृद्धिको सम्भावना र सुधारका आधारहरूलाई विचार गरी राजश्व प्रक्षेपण गरिएको छ। राजश्व सुधार योजनामा समावेश भएका क्रियाकलापहरूका आधारमा गण्डकी गाउँपालिका गोरखाको आगामी तीन आ.व.हरू (२०८१/८२, २०८२/८३ र २०८३/८४) का लागी राजश्व प्रक्षेपण गरिएको छ। आय प्रक्षेपण शिर्षकगत रूपमा तल उल्लेख गरिएको छ।

## (क) आन्तरिक आयको अनुमान

*तालिका १६ आन्तरिक आयको अनुमान*

| राजश्व सङ्केत | राजश्वको शिर्षक | चालु आवको संशोधित | आगामी तीन आ.व.को प्रक्षेपित आय रु | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ११३२१ | सम्पत्ती आय तथा पट्टा वापतको आय कर | ६३६,६८३ | ९००,००० | १,०००,००० | १,०००,००० |
| ११३१४ | भूमि कर | १,७०९,१२५ | ३,०००,००० | ३,२००,००० | ३,५००,००० |
| ११३१७ | घर वहाल कर | ५०६८५३ | ८००,००० | ९००,००० | १,०००,००० |
| १४१५१ | सरकार सम्पत्तिको वहाल वापतको आय | ५९,१६० | २००,००० | २५०,००० | ३००,००० |
| १४२१३ | अन्य विकृबाट प्राप्त रकम | २,६४८,४४२ | ४,०००,००० | ४,२००,००० | ४,५००,००० |
| १४२१९ | अन्य सेवा शुल्क | १३२,८५० | ५००,००० | ५००,००० | ६००,००० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २,८०० | ३,००० | ३,००० | ३,००० |
| १४२२४ | परीक्षा शुल्क | ६,४०० | १०,००० | १०,००० | १०,००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३४३,०३० | ८००,००० | ८५०,००० | ९००,००० |
| १४२४२ | नक्शापास दस्तुर | ६५९,८९३ | १,०००,००० | १,१००,००० | १,२००,००० |
| १४२४३ | शिफारिस दस्तुर | २,२४५,३४० | ३,०००,००० | ३,१००,००० | ३,१००,००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३५६,७०० | ५००,००० | ८००,००० | ८००,००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १४१,८९० | ४००,००० | ४००,००० | ४५०,००० |
| १४२४९ | अन्य दस्तुर | १,६१३,५७० | १,८००,००० | १,९००,००० | २,०००,००० |
| १४२५३ | व्यवसाय रजिष्ट्रसन दस्तुर | ३५,५०० | ५०,००० | ५०,००० | ५०,००० |
| १४२६५ | अन्य क्षेत्रको आय (चुन ढुँगा विक्रि) | - | २००,००० | २००,००० | २००,००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४३,४५५ | ४००,००० | ४००,००० | ४५०,००० |
| १४५२९ | अन्य विविध आय | २९० | ५,००० | ५,००० | ५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४६११ | व्यवसाय कर | ९९,००६ | ५००,००० | ६००,००० | ६००,००० |
| **कूल आन्तरिक आय** | | **११,४४०,९८७** | **१८,०६८,०००** | **१९,४६८,०००** | **२०,६६८,०००** |

चालु आवको ज्येष्ठ ३२ गते सम्मको वास्तविक आम्दानीमा आधारित।

उपरोक्त तालिका अनुसार गण्डकी गाउँपालिकामा आगमी आर्थिक वर्षमा कूल रू ६६ लाख, दोस्रो आ.व.मा रू १४ लाख, र तेस्रो आ.व.मा रू १२ लाखले आन्तरिक आय थपहुँदै जाने प्रक्षेपण गरिएको छ। खासगरी मालपोत वा भूमिकर, अन्य सेवा तथा बिकृ, सिफारिश दस्तुर आदि शिर्षकमा आम्दानी वढ्न सक्ने अनुमान गरिएको छ। विगतको तुलनामा धेरै घरधुरीलाई सम्पत्ती करको दायरमा ल्याउन सकिने, भूउपयोग क्षेत्र वर्गीकरण अनुसार आवाशीय क्षेत्र कृषि क्षेत्र भन्दा धेरै भएकोले आवाशीय क्षेत्रबाट भूमिकर र घरजग्गा रजिष्ट्रेसन वापतको शुल्क धेरै उठ्न सक्दछ। त्यस्तै व्यवसाय करको दायरामा ल्याउन सकिने व्यवसायहरू अझै बाँकी भएकाले र वनक्षेत्र पनि धेरै भएकोले यस गाउँपालिका क्षेत्रमा जडिवुटी सङ्कलनको माध्यमबाट समेत आम्दानी बढाउन सकिनेछ। त्यस्तैगरी राजश्व प्रशासन सुधार हुँदै जाँदा विगतमा अति न्युन आय सङ्कलन हुने गरेका क्षेत्रहरूमा पनि क्रमशः सुधार हुँदै जानेछ। विगत वर्षहरूका तुलनामा अधिक कर तथा गैरकर राजश्व सङ्कलन गर्न सकिने आधारहरूका वारेमा विस्तृतमा परिच्छेद ३ मा राजश्व सङ्कलनका प्रमुख क्षेत्र र सम्भावना उपशिर्षकमा थप व्याख्या गरिएको छ। त्यस्तैगरी राजश्व वृद्धिदर प्रतिशतमा समेत विस्तृत रूपमा अनुसूची एकमा उल्लेख गरिएको छ।

*तालिका १७ कुल आयमा आन्तरिक आयको हिस्सा*


| अनुदान | आ.व. (२०७९/८०) को यथार्थ | आ.व. (२०८०/८१) को संशोधित | आगामी तीन आ.व.को प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | आ.व. (२०८१/८२) | आ.व. (२०८२/८३) | आ.व. (२०८३/८४) |
| **नेपाल सरकार** | | | | | |
| समानीकरण अनुदान | १३३,०००,००० | १२९,४००,००० | १२०,०००,००० | ११०,०००,००० | १००,०००,००० |
| सशर्त अनुदान | २६१,८९१,५४५ | २८०,९००,००० | ३०,०००,००० | ३१,०००,००० | ३२,०००,००० |
| विशेष अनुदान | १८,४९३,१३६ | १९,०००,००० | २०,०००,००० | २१,०००,००० | २२,०००,००० |
| समपुरक अनुदान | ६,०१९,९५४ | १७,५००,००० | १८,०००,००० | १९,०००,००० | २०,०००,००० |
| राजश्व बाँडफाँड | ५४,०००,००० | ८७,७००,००० | ९०,०००,००० | ९१,०००,००० | ९२,०००,००० |
| **जम्मा** | **४७३,४०४,६३५** | **५३४,५००,०००** | **२७८,०००,०००** | **२७२,०००,०००** | **२६६,०००,०००** |
| **प्रदेश सरकार** | | | | | |
| समानीकरण अनुदान | १४,०४६,७५० | १८,३१९,००० | २०,०००,००० | २१,०००,००० | २२,०००,००० |
| सशर्त अनुदान | ५,०००,००० | ६,०००,००० | ७,०००,००० | ८,०००,००० | ८,०००,००० |
| विशेष अनुदान | ० | ० | ० | ० | ० |
| समपुरक अनुदान | ५,४१३,००० | ५,०००,००० | ५,२००,००० | ५,५००,००० | ५,५००,००० |
| राजश्व बाँडफाँड | ६,१००,००० | ८,०३८,००० | ८,५००,००० | ९,०००,००० | १०,०००,००० |
| **जम्मा** | **३०,५५९,७५०** | **३७,३५७,०००** | **४०,७००,०००** | **४३,५००,०००** | **४५,५००,०००** |
| **गण्डकी गाउँपालिकाको** | | | | | |
| आन्तरिक आय | ८,१७७,६४२ | ११,४४०,९८७ | १८,०६८,००० | १९,४६८,००० | २०,६६८,००० |
| कुल जम्मा | ५१२,१४२,०२७ | ५८३,२९७,९८७ | ३३६,७६८,००० | ३३४,९६८,००० | ३३२,१६८,००० |
| **आन्तरिक स्रोत (प्रतिशत)** | **१.६०** | **१.९६** | **५.३७** | **५.८१** | **६.२२** |

माथि उल्लेखित तालिका १७ मा गत आर्थिक वर्ष (२०७९/०८०) को वास्तविक आयमा आन्तरिक स्रोतको योगदान अति न्युन अर्थात १.६ प्रतिशत छ। सामान्य वृद्धि वाहेक चालु आ.व.को अवस्था पनि करिव उस्तै छ। हरेक वर्ष स्थानीय तहले पाउने अनुदानहरूमा अनपेक्षित रूपमा कमी हुँदै आउनु र आगामी आर्थिक वर्ष देखि आन्तरिक आय पनि केहि वढ्ने अनुमान गरिएकाले आन्तरिक योग्दानको हिस्सा आगमी तीन आर्थिक वर्षमा क्रमशः वढ्न जाने अनुमान गरिएको छ। विगत तीन आर्थिक वर्षहरूको आन्तरिक तर्फको यथार्थ र चालु वर्षको संशोधित एवम् आगामी तीन आर्थिक वर्षको अनुमानित आय तलका तालिका र चित्रमा प्रस्तुत गरिएको छ।

*तालिका १८ विगत आवहरूको यथार्थ र आगामी आवहरूको अनुमान*

| आर्थिक वर्षहरू | आन्तरिक आय रू |
|---|---|
| आ.व. ०७७/७८ | १६,२०९,७३६ |
| आ.व. ०७८/७९ | १४,३३७,९९६ |
| आ.व. ०७९/८० | ८,१७७,६४२ |
| आ.व. ०८०/८१ | ११,४४०,९८७ |
| आ.व. ०८१/८२ | १८,०६८,००० |
| आ.व. ०८२/८३ | १९,४६८,००० |
| आ.व. ०८३/८४ | २०,६६८,००० |

*चित्र २ आन्तरिक आय वृद्धिको अनुमान*



# परिच्छेद सातः अपेक्षित नतिजा

गण्डकी गाउँपालिकाको राजश्व प्रशासनमा आगामी तीन आर्थिक वर्षमा निम्न नतिजाहरू देख्न सकिनेछः

(१) राजश्व शाखामा आवश्यकता अनुसारको जनशक्तिको व्यवस्था भई राजश्व प्रशासन थप प्रभावकारी ढङ्गबाट सञ्चालन हुनेछ।

(२) जनप्रतीनीधि, राजश्व परामर्श समितीका पदाधिकारी, कर्मचारी तथा संस्थागत क्षमता (राजश्व प्रशासन सम्बन्धी) विकास भएको हुनेछ।

(३) राजश्व परिचालनका लागि अत्यावश्यक नीति, कार्यक्रम, ऐन, नियम, कार्यविधी, निर्देशिका लगायतका कानुनी व्यवस्था पूर्ण भएको हुनेछ।

(४) आन्तरिक आय अभिवृद्धिका नयाँ क्षेत्रहरू पहिचान भई तिनीहरूको सम्भाव्यता अध्ययन भएको हुनेछ।

(५) राजश्वसंग सम्बन्धित सरोकारवाला निकायहरू, समुह, निजी क्षेत्रसँग गाउँपालिकाको आन्तरिक आय वृद्धि तथा राजश्व प्रशासनलाई प्रभावकारी बनाउने विषयमा सहकार्य भएको हुनेछ।

(६) सङ्कलित रकम सम्बन्धित क्षेत्रकै विकासमा अर्थात राजश्व थप वृद्धि हुने गरी परिचालन गरिनेछ।

(७) राजश्व सङ्कलनका लागि अनलाईनमा आधारित वा डिजीटल प्रविधी अवलम्वन गरिनेछ।

(८) नियमित रूपमा कर तिर्ने र हर्जानामा परेका करदाताहरूको अभिलेख दुरूस्त रूपमा अद्यावधिक भएको हुनेछ।

(९) राजश्व सुधार कार्ययोजनाको महत्व अर्थात औचित्यका वारेमा जनप्रतिनीधी तथा कर्मचारीहरूलाई अवगत हुनेछ।

(१०) राजश्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित बनाउन सहयोग पुग्नेछ।

(११) आन्तरिक आय वृद्धिका वारेमा सरोकारवाला सबैको वुझाईमा एकरूपता हुनेछ जसबाट करका दर तथा दायरा परिमार्जन गर्न सहयोग पुग्नेछ।

(१२) गाउँपालिकाको वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा क्रमशः वृद्धि हुँदै जाने अनुमान गरिएको छ। आगामी पहिलो आर्थिक वर्ष (२०८१/०८२) मा ५.३७, दोस्रो वर्ष ५.८१, र तेस्रो वर्ष ६.२२ प्रतिशतले वढ्ने अनुमान गरिएको छ।

# परिच्छेद आठः कार्यान्वयन तथा अनुगमन एवम् मुल्याङ्कन

## ८.१ कार्यान्वयन

सहभागितात्मक पद्धति अपनाई तर्जुमा गरिएको यस राजश्व सुधार कार्ययोजना कार्यान्वयनका लागि गाउँपालिकाले राजश्व सुधारसंग सम्बन्धीत नीति, रणनीति तथा उद्देश्य अनुरूप माथि कार्ययोजना खण्डमा उल्लेखित कार्यक्रम तथा क्रियाकलापहरूको लागि आवश्यक खर्चलाई बिनियोजन बजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक छ। कार्ययोजनामा उल्लेख भएका कार्यक्रम तथा क्रियाकलापहरू सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरिए अनुसार आय सङ्कलनमा प्रभाव पार्न सक्दछ। यसका अतिरिक्त राजश्व सुधार कार्ययोजनाका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा आयोजनाहरूबाट पनि सहयोग लिन सकिन्छ। गाउँपालिकालाई प्राप्त राजश्व अधिकारहरू मध्ये कतिपय अधिकारहरू विगतको तुलनामा निकै फरक भएकाले राजश्व व्यवस्थापनलाई त्यसै अनुरूप सुधार गर्न आबश्यक छ। तसर्थ राजश्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्न आवश्यक छ।

## ८.२ अनुगमन तथा मुल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठन भएको राजश्व परामर्श समितिलाई राजश्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आन्तरिक आम्दानिका स्रोतहरू अनुमान गर्ने र स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा पनि यो कार्ययोजनाले सहयोग गर्दछ। त्यसैले अपेक्षित रूपमा यो कार्ययोजनाले सहयोग पुर्याए नपुर्याएको अनुगमन तथा मुल्याङ्कनका लागि तल उल्लेखित चार तहको अनुगमन तथा मुल्याङ्कनको व्यवस्था गरिएको छ।

### (क) कार्यालय बाट अनुगमन

राजश्व सुधार कार्ययोजनाको कार्यालय स्तरको अनुगमन तथा मुल्याङ्कनका लागि प्रमुख प्रशासकीय अधिकृत, लेखा/राजश्व शाखा एवम् मिल्दाजुल्दा अन्य शाखाका प्रतिनीधिहरूलाई जिम्मेवार बनाउनु पर्दछ। राजश्व सुधार कार्ययोजनाको कार्यालय स्तरको अनुगमनका लागि एउटा अलग्गै अनुगमन पात्रो निर्माण गरी कार्यान्वयन तथा असुली अवस्थाको अनुगमन गरी लक्ष्य हासिल गर्ने तर्फ आवश्यक कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउन राजश्व प्रशासन थप प्रभावकारी हुने देखिन्छ।

### (ख) राजश्व परामर्श समितिबाट अनुगमन

राजश्व परामर्श समितिले चौमासिक रूपमा राजश्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था, आय सङ्कलन अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यकता अनुसार परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ। त्यसैगरी आगमी आर्थिक वर्षका लागि आयको अनुमान गर्ने र भए गरेका कार्यहरूको

मुल्याङ्कन गरी स्रोत, दर तथा दायरा सुधारका लागि क्रियाकलापहरू सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु उपयुक्त हुन्छ। यसका अतिरिक्त आर्थिक वर्षको समाप्ती पश्चात राजश्व सुधार कार्ययोजनाको समीक्षा गर्न आवश्यक छ।

### (ग) कार्यपालिकाबाट अनुगमन तथा मुल्याङ्कन

कार्यपालिकाको वैठकले राजश्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ। छलफलको क्रममा राजश्व सुधार कार्ययोजना तथा आय असुली आवस्थाको समीक्षा गरी आवश्यकताको आधारमा नीतिगत तथा कार्यगत निर्णय लिनु आवश्यक छ।

### (घ) वाह्य अनुगमन तथा मुल्याङ्कन

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा गाउँपालिकाका आन्तरिक संयन्त्रहरूको अलावा वाह्य निकाय वा विज्ञहरूको सहयोग पनि आवश्यकता अनुसार लिन सकिन्छ। यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालयहरू तथा विकास साझेदार आदिले अनुगमन तथा मुल्याङ्कन कार्यमा सहयोग प्रदान गर्न सक्दछन। यसप्रकारको अनुगमन प्रणालीको विकासले गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन क्षमता विकासमा पनि थप सहयोग पुग्ने विश्वास गरिन्छ। राजश्व प्रशासनसंग सम्बन्धित तथ्याङ्कका अतिरिक्त योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरूको विचार सङ्कलनलाई पनि अनुगमनको मुख्य विधीको रूपमा लिन सकिन्छ।

# सन्दर्भ सामग्रीहरू

नेपालको संविधान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

गण्डकी गाउँपालिकाको आर्थिक ऐन, आ.व. ०७७/७८

गण्डकी गाउँपालिकाको आर्थिक ऐन, आ.व. ०७८/७९

गण्डकी गाउँपालिकाको आर्थिक ऐन, आ.व. ०७९/८०

गण्डकी गाउँपालिकाको आर्थिक ऐन, आ.व. ०८०/८१

गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६

# अनुसूची एकः आय प्रक्षेपण

| राजश्वको शिर्षक | विगत तीन आ.व.को यथार्थ आय रु | | | पछिल्लो दुई आवको वृद्धि दर | चालु आवको संशोधित | आगामी तीन आ.व.को प्रक्षेपित आय | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | | २०८२/८३ | | २०८३/८४ | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | | | वृद्धि रकम रू | वृद्धि प्रतिशत | वृद्धि रकम रू | वृद्धि प्रतिशत | वृद्धि रकम रू | वृद्धि प्रतिशत |
| सम्पत्ती आय तथा पट्टा वापतको आय | १५३,००७ | १३४,८५६ | २३०,१३४ | ७१ | ६३६,६८३ | ९००,००० | ४१.४ | १,०००,००० | १०.० | १,०००,००० | ०.० |
| भूमि कर | १,२६०,६८६ | १,७७३,७५३ | ६८२,९९६ | (६१) | १,७०९,१२५ | ३,०००,००० | ७५.५ | ३,२००,००० | ६.३ | ३,५००,००० | ९.४ |
| घर वहाल कर | १४०,००९ | ११८,७७४ | ३१८,७७३ | १६८ | ५०६८५३ | ८००,००० | ५७.८ | ९००,००० | ११.१ | १,०००,००० | ११.१ |
| सरकारी सम्पत्तिको वहाल वापतको आय | - | - | - | | ५९,१६० | २००,००० | २३८.१ | २५०,००० | २०.० | ३००,००० | २०.० |
| अन्य विकृबाट प्राप्त रकम | - | १३०,७२५ | १७९,१०१ | ३७ | २,६४८,४४२ | ४,०००,००० | ५१.० | ४,२००,००० | ४.८ | ४,५००,००० | ७.१ |
| अन्य सेवा शुल्क | ४३६,७३५ | ७,३७८,०८२ | ८५२,६०९ | (८८) | १३२,८५० | ५००,००० | २७६.४ | ५००,००० | - | ६००,००० | २०.० |
| शिक्षा क्षेत्रको आम्दानी | - | - | - | - | २,८०० | ३,००० | ७.१ | ३,००० | - | ३,००० | ०.० |
| परीक्षा शुल्क | - | - | १२३,५०० | | ६,४०० | १०,००० | ५६.३ | १०,००० | - | १०,००० | ०.० |
| अन्य प्रशासनिक सेवा शुल्क | - | - | ४९६,१४७ | | ३४३,०३० | ८००,००० | १३३.२ | ८५०,००० | ५.९ | ९००,००० | ५.९ |
| नक्शापास दस्तुर | २०१,९१८ | २४८,४११ | २७३,४६० | १० | ६५९,८९३ | १,०००,००० | ५१.५ | १,१००,००० | ९.१ | १,२००,००० | ९.१ |
| शिफारिस दस्तुर | १,४३३,६९३ | १,९०२,४६७ | १,८५२,०९३ | (३) | २,२४५,३४० | ३,०००,००० | ३३.६ | ३,१००,००० | ३.२ | ३,१००,००० | ०.० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १६४,५०८ | ४६३,१०८ | ४७८,४३० | ३ | ३५६,७०० | ५००,००० | ४०.२ | ८००,००० | ३७.५ | ८००,००० | ०.० |
| नाता प्रमाणित दस्तुर | - | - | - | - | १४१,८९० | ४००,००० | १८१.९ | ४००,००० | - | ४५०,००० | १२.५ |
| अन्य दस्तुर | - | १७६,५७६ | ३५७,११४ | १०२ | १,६१३,५७० | १,८००,००० | ११.६ | १,९००,००० | ५.३ | २,०००,००० | ५.३ |
| व्यवसाय रजिष्ट्रसन दस्तुर | - | - | - | | ३५,५०० | ५०,००० | ४०.८ | ५०,००० | - | ५०,००० | ०.० |
| अन्य क्षेत्रको आय (चुन ढुँगा विक्रि) | - | ६७८,००३ | ११७,३०७ | (८३) | - | २००,००० | | २००,००० | - | २००,००० | ०.० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,३०७,९०३ | ४११,८३० | १७४,३४९ | (५८) | २४३,४५५ | ४००,००० | ६४.३ | ४००,००० | - | ४५०,००० | १२.५ |
| अन्य विविध आय | - | - | १३८,५०० | | २९० | ५,००० | १,६२४.१ | ५,००० | - | ५,००० | ०.० |
| व्यवसाय कर | २१५,८१५ | १५७,१६१ | ३११,८९३ | ९८ | ९९,००६ | ५००,००० | ४०५.० | ६००,००० | १६.७ | ६००,००० | ०.० |
| **जम्मा** | **७,३१४,२७४** | **१३,५७३,७४७** | **६,५८६,४०७** | **(५१)** | **११,४४०,९८७** | **१८,०६८,०००** | | **१९,४६८,०००** | | **२०,६६८,०००** | |

# राजश्व सुधार कार्ययोजना

# (Revenue Improvement Action Plan)

## आ.व. २०८१/०८२ - २०८३/०८४



**गण्डकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भुम्लिचोक, गोरखा**